# वार्षिक प्रतिवेदन

२०६२-६३

लक्ष्मी बैंक लिमिटेड

Laxmi Bank Limited

# सञ्चालक समिति



मोहन गोपाल खेतान
अध्यक्ष



गोपी कृष्ण शिकरिया
सञ्चालक



मधुसुदन अग्रवाल
सञ्चालक



चन्द्र प्रकाश खेतान
सञ्चालक



नन्दनहरि शर्मा
(नागरिक लगानी कोषको प्रतिनिधि)
सञ्चालक



भोला बाबु अधिकारी
(सर्वसाधारणको तर्फबाट)
सञ्चालक



राकेश कुमार अडुकिया
(सर्वसाधारणको तर्फबाट)
सञ्चालक



शम्भु प्र. आचार्य
ब्यवसायिक सञ्चालक



रतन लाल संघई
सल्लाहकार



नरेन्द्र कुमार बस्न्यात
सल्लाहकार

## लक्ष्मी बैंक लिमिटेड
## आदर्शनगर, वीरगञ्ज

# बैंकको छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरू,**

मिति २०६३ साल कात्तिक २० गते तदनुसार ६ नोभेम्वर २००६ मा बसेको लक्ष्मी बैंक लिमिटेडको सञ्चालक समितिको ५६ औं बैठकको निर्णयानुसार बैंकको छैठौं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरूको समुपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०६३ साल मंसिर २२ गते, शुक्रबार (December 8, 2006)

समय : दिनको २:०० बजे

स्थान : विश्वा होटल, विरगंज

**छलफलका विषयहरुः**

(१) सञ्चालक समितिको आ.व. २०६२/६३ को वार्षिक प्रतिवेदनमाथि छलफल तथा अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०६२/६३ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

(३) बैंकको जारी तथा चुक्ता पुंजी रु. ६१,००,००,०००/- अक्षरेपी रुपैया एकसट्ठी करोड वाट वृद्धि गरी रु. ८०,००,००,०००/- अक्षरेपी रुपैया असी करोड मात्र कायम गर्ने र सोही वमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

(४) बैंकको लेखा परिक्षण समितिको सिफारिसमा आर्थिक बर्ष २०६३/०६४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने,

(५) संचालकहरुको स्थानीय भ्रमण खर्च वारे ।

(६) विविध ।

विशेष प्रस्तावः

(७) प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन ।

सञ्चालक समितिको आज्ञाले
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

(१) छैठौं वार्षिक साधारण सभाको प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम २०६३ मंसिर ८ गते (24 November 2006) देखि २०६३ मंसिर २२ गते (8 December 2006) सम्म बन्द रहनेछ ।

(२) शेयरधनीहरुको लागि वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन बैंकको रजिष्टर्ड कार्यालय आदर्शनगर वीरगञ्ज र कर्पोरेट कार्यालय, हात्तिसार काठमाण्डौमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाइएको छ ।

(३) सभामा भाग लिन वा मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै बैंकको प्रधान कार्यालय आदर्शनगर वीरगञ्ज वा कर्पोरेट कार्यालय हात्तिसार, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी) प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा हुनु पर्नेछ ।

(४) प्रतिनिधिपत्रबाट मतदान गर्ने शेयरवालाले कूल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढी प्रोक्सी दर्ता गरेको भएमा आफूले लिएको शेयर सहित १५ प्रतिशत भन्दा बढी मतको गन्ती गरिने छैन ।

(५) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरि छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।

(६) प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा उक्त प्रोक्सी बदर गरिनेछ ।

(७) नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुनेछ ।

(८) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ११:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

(९) शेयरधनी महानुभावहरु सभास्थल आउंदा झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखेमा सुरक्षाकर्मीले सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

(१०) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय आदर्शनगर वीरगञ्ज वा कर्पोरेट कार्यालय हात्तिसारमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

नोट:- आदरणीय शेयरधनी महानुभावहरुको सुविधाको लागि परिचय नं. अनुसार हाजिरी पुस्तिका तयार गरिने हुंदा शेयर प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई उपस्थित हुनको लागि अनुरोध गरिन्छ ।

साधारण सभा सम्बन्धी विस्तृत विवरण बैंकको Web Site: www.laxmibank.com मा पनि उपलव्ध छ ।

---

## विषय सूची

अध्यक्षको मन्तव्य ........ ३
सञ्चालक समितिको प्रतिवेदन ........ ४
लेखापरीक्षकको प्रतिवेदन ........ ११
वासलात ........ १२
नाफा नोक्सान हिसाब ........ १४
नगद प्रवाह विवरण ........ १७
लेखासँग सम्बद्ध अनुसूचीहरू ........ १८
लेखा सम्बन्धी नीति तथा टिप्पणीहरू ........ ४१
लक्ष्मी बैंक लिमिटेडको प्रवन्ध पत्र तथा नियमावली संशोधनका लागि तयार गरिएको तिनमहले ........ ४९

# अध्यक्षको मन्तव्य

आदरणीय शेयरधनी महानुभावहरु,

सञ्चालक समितिको तर्फबाट बैंकको छैठौं वार्षिक साधारण सभामा तपाँईहरुको स्वागत गर्न पाउँदा मलाई अत्यन्तै हर्ष लागेको छ ।

मुलुकमा विद्यमान राजनैतिक अस्थिरता, सशस्त्र द्वन्दको स्थिति, ऐतिहासिक जनआन्दोलन एवं संक्रमणकालको कारणले सिर्जित तरल राजनैतिक अवस्थाका वावजूद् तपाईहरुको बैंकले नेपालको बैंकिङ्ग क्षेत्रमा आफ्नो छवि व्यवसायिक, आत्मनिर्भर, सुदृढ तथा निरन्तर प्रगतिशील बैंकको रुपमा स्थापित गरी निक्षेप दायित्व तथा जोखिम सम्पतिमा सन्तुलित वृद्धि गर्न सक्षम भएको छ । बैंकले प्रचलित जोखिम व्यवस्थापन प्रणालिलाई आत्मसात् गरी मानव संशाधनको सन्तुलित विकास र आन्तरिक नियन्त्रण प्रणालिलाई मजवुत् वनाउदै लगेकोले बैंकको नाफामा उल्लेखनीय वृद्धि भएको छ । विद्यमान प्रतिकूल आर्थिक वातावरणमा पनि बैंकले गरेको उल्लेख्य प्रगतिले लगानीकर्ता र लाभग्राहीहरुलाई उत्साहित गर्नेछ भन्ने विश्वास लिएको छु ।

शेयरधनी महानुभावहरुलाई अवगतै छ, नेपालका चाटर्ड एकाउण्टेण्टहरुको छाता संगठन ICAN ले आ.व. २०६०/०६१ को सर्वोत्कृष्ट लेखा प्रस्तुतिको पुरस्कार (Best Presented Accounts) वाट सम्मानित गरेको थियो । बैंकको अन्तराष्ट्रिय मान्यतामा आधारित सञ्चालन पद्धतिहरु, बैंकले ग्रहण गरेको संस्थागत सुशाशन प्रतिको प्रतिवद्धता र आकर्षक वार्षिक प्रतिवेदनको प्रस्तुतिले आर्थिक वर्ष २०६१/०६२ को लागि पनि तपाईहरुको बैंकले यो सम्मान प्राप्त गर्न सफल भएको छ । तपाईहरुको बैंकले सफलता पुर्वक अभ्यास गरी रहेको पारदर्शिता, सुशासन र बैंकको समग्र विकासको लागि लगातार दोश्रो पटक प्राप्त गरेको यो सम्मानले बैंकको प्रगतिमा एक महत्वपूर्ण कोशेढुंगाको काम गरेको छ ।

आर्थिक वर्ष २०६२/०६३ देखि बैंकको हात्तिसार स्थित कर्पोरेट तथा शाखा कार्यालयवाट पुर्ण बैंकिङ्ग कारोवार सुरु गरेको तथ्य यहांहरुलाई अवगतै छ । सोही अवधिमा मुलुकको औद्योगिक नगरी विराटनगरमा बैंकको पाँचौं शाखा विस्तार गरिएको छ । चालु आर्थिक वर्षमा उपत्यका भित्र ललितपुरमा र उपत्यका बाहिर चितवन जिल्लाको नारायणगढमा शाखा खोली सञ्चालन गरिसकिएको छ भने निकट भविष्य मै काठमाण्डौको टेकुमा शाखा विस्तार गरी उपभोक्ताहरु माझ बैंकको सेवा पुऱ्याउने अठोट लिएका छौं । शाखा विस्तार गरी कारोवार बढाउने क्रमलाई आगामी दिनमा अझ विस्तारित रुपमा लगिने छ ।

बैंकले गैर बैंकिङ्ग कारोवार वृद्धिको सिलसिलामा भारत तथा नेपालमा प्रयोग गर्न सकिने क्रेडिट कार्ड सेवा प्रदान गर्न गृहकार्य गरिरहेको छ । त्यसै गरी मुलुकको अर्थ व्यवस्थाको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रको विप्रेषण आप्रवाहलाई तपाईहरुको बैंकले नजिकवाट नियाली रहेको छ । विप्रेषण आप्रवाहलाई बैंकले आय आर्जनको श्रोत वनाउने लक्ष्य सहित पहिलो चरणमा खाडी मुलुक र मलेसियामा विप्रेषण सेवा प्रदान गर्नका लागि लक्ष्मी बैंक एक्स्प्रेस मनी ट्रान्स्फरको माध्यमवाट विप्रेषण सेवाको सुरुवात गरेकोछ ।

नेपाल राष्ट्र बैंकको निर्देशन मुताविक पुंजी वृद्धि गर्न बैंक प्रतिवद्ध रहेको छ । यसका निमित्त बैंकले आफ्नो जारी तथा चुक्ता पुंजी बृद्धिका लागि यसै साधारण सभामा प्रस्ताव प्रस्तुत गरेको छ ।

लक्ष्मी बैंकलाई नेपाली बैंकिङ्ग क्षेत्रमा अग्रणी बैंकको रुपमा स्थापित गर्नका लागि हरसम्भव उपायहरु अवलम्वन गर्ने र आय वृद्धिको लागि नयां नयां कार्यक्रमहरुको पहिचान गरी लागु गर्दै लगिने छ ।

अन्तमा, बैंकको प्रगतिमा हामीले प्राप्त गरेको निरन्तर सहयोग र प्रोत्साहनका लागि म नेपाल राष्ट्र बैंकलाई हृदय देखि नै धन्यवाद ज्ञापन गर्दछु साथै हाम्रा आदरणीय शेयरधनीहरु तथा लगानीकर्ताहरुले लक्ष्मी बैंक प्रति देखाउनु भएको अगाध विश्वासको निमित्त हार्दिक धन्यवाद व्यक्त गर्दछु । हामीलाई आजको अवस्थामा आइपुग्न सहयोग तथा संरक्षकत्व प्रदान गर्नु हुने हाम्रा समस्त ग्राहकवर्गहरुलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु । अन्त्यमा लक्ष्मी बैंकको व्यवस्थापन एवं कर्मचारीहरुको अथक परिश्रम र बैंकले निर्धारण गरेको लक्ष्य प्राप्तिका लागि देखाउनु भएको प्रतिवद्धताको सह्राहना गर्दछु ।

धन्यवाद ।

**मोहन गोपाल खेतान**

अध्यक्ष

सञ्चालक समिति

लक्ष्मी बैंक लिमिटेड

# लक्ष्मी बैंक लिमिटेडको
# छैठौं वार्षिक साधारण सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०६२/०६३ मा लक्ष्मी बैंक लिमिटेडको व्यवसायिक कारोवारको प्रगति, बैंकले गरेको उपलब्धि, बैंक सञ्चालनमा देखिएका चुनौतिहरु एवं समग्र बैंकिङ्ग कार्यको समीक्षा र पुनरावलोकन गर्न प्रचलित कम्पनी कानून तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी कानूनको अधीनमा रही तयार गरिएको यो प्रतिवेदन बैंकको सञ्चालक समितिको तर्फवाट बैंकको छैठौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको छ ।

मुलुकको अर्थतन्त्रले यस आर्थिक बर्षमा पनि समयोचित गति लिन नसकेको तथ्य यहांहरुलाई विदितै छ । आर्थिक वर्ष २०६२/०६३ को अधिकांश समय मुलुक राजनैतिक अस्थिरताका कारणले आक्रान्त रह्यो । यस अवधिमा ऐतिहासिक जनआन्दोलनको सफलता र त्यसको परिणामले मुलुकमा शान्ति र स्थिरताका लागि नयां आशाहरु पलाए पनि संक्रमणकालको कारणले राजनैतिक अवस्था तरल रहेको र दिगो शान्ति, विकास र स्थायित्वको प्रतिक्षाको घडी समाप्त भई नसकेको तथ्य यहांहरुमा विदितै छ । यस्तो विषम परिस्थितिमा पनि यहांहरुको बैंकले व्यवसायमा उल्लेख्य वृद्धि गरेको र बैंकिङ्ग क्षेत्रमै व्यवसायिक अवधारणा र संस्थागत शुशासनलाई अभिन्न अंगको रुपमा अंगालेर निरन्तर वढ्दो, सक्षम, आत्मनिर्भर, सुदृढ तथा बैंकिङ्ग व्यवसायमा स्थायित्व प्राप्त गरि सकेको बैंकको रुपमा स्थापित भएको जानकारी गराउछौं । यहांहरुको बैंकवाट यस आर्थिक वर्षमा भएका सञ्चालन गतिविधिहरु, उपलव्धिहरु र भविष्यका लागि अवलम्बन गरिने योजनाहरु बारेमा सञ्चालक समितिको धारणा जानकारी गराउनु तथा बैंक सञ्चालन वारेमा आदरणीय शेयरधनीहरुको जिज्ञासा तथा कौतुहल मेटाउनु सञ्चालक समितिको कर्तव्य ठानेका छौं ।

## १. विगत वर्षको कारोवारको सिंहावलोकन:

तपाईहरुको बैंक नेपाल राष्ट्र बैंकवाट (क) वर्गको वित्तीय कारोवार गर्न इजाजत प्राप्त वाणिज्य बैंकको रुपमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश वमोजिम पुन: दर्ता भई सवै किसिमका वित्तीय कारोवारहरु सेवाग्राही समक्ष पुऱ्याउन सक्षम रहेको छ ।

### (क) प्रमुख सुचकाङ्क:

आर्थिक बर्ष २०६२/०६३ मा बैंकको प्रमुख वित्तीय झलक निम्न तालिका बमोजिम रहेको छ:

(राशी रु. दश लाखमा)

| शीर्षक | ३१/०३/२०६२ (१५/०७/२००५) | ३२/०३/२०६३ (१६/०७/२००६) | वृद्धि (प्रतिशतमा) |
|---|---|---|---|
| चुक्ता पुंजी | ६०९.८४ | ६०९.९१ | ०.०१% |
| नेट वर्थ | ६०३.०९ | ६४९.०५ | ७.६२% |
| निक्षेप तथा सापटी | ३,०७०.४५ | ४,४७४.११ | ४५.७२% |
| जोखिम सम्पत्ति | २,७२६.१४ | ४,२८०.११ | ५७.००% |
| लगानी | ४७८.९६ | ५७९.८१ | २१.०६% |
| सञ्चालन मुनाफा | ५०.०९ | ७५.१५ | ५०.०३% |
| कर पछिको खुद नाफा | २६.४६ | ३५.३९ | ३३.७५% |
| कर्जा नोक्शानी व्यवस्था | ६८.१८ | ७७.७४ | १४.०२% |

उल्लेखित सुचकाङ्कवाट तपाईहरुको बैंकले समीक्षा अवधिमा गरेको प्रगतिको स्पष्ट झलक प्रदान गर्दछ भन्ने विश्वास लिएका छौं ।

नेपाली बैंकिङ्ग व्यवसायमा देखिएको प्रतिष्पर्धात्मक वातावरणमा तपांईहरुको बैंकलाई अव्वल दर्जाको वनाउने अभ्यासहरु अनवरत रुपमा गर्दै आएको छ । स्थापनाकाल देखि नै तपाईहरुको बैंकको सुचना प्रविधिमा पहुंच, सरल एवं प्रभावकारी कर्जा प्रणाली, संस्थागत सुशाशन प्रतिको प्रतिवद्धता एवं आन्तरिक नियन्त्रण प्रणाली प्रतिको निष्ठाको फलस्वरुप बैंकले आफ्नो छुट्टै पहिचान कायम राख्न सफल भएको छ । बैंकिङ्ग मुल्य र मान्यताको अवलम्वन र संस्थागत सुशासनको जगमा उभिएको तपाईहरुको बैंकले बैंकिङ्ग क्षेत्रमा भविश्यमा आउन सक्ने प्रतिष्पर्धामा बैंकलाई सजिलैसंग टिकाउन सक्नेछ ।

### (ख) व्यवसायको प्रकृति:

साना तथा मझ्यौला उद्योग एवं संगठित क्षेत्रमा आफ्नो सेवा निरन्तर रुपमा विस्तार गर्दै लगेको यस बैंकले अन्तराष्ट्रिय बैंकिङ्ग, वित्तीय कारोवारहरु, ट्रेजरी कारोवार लगायत इन्टरनेट बैंकिङ्ग, एसएमएस एलर्ट, एसएमएस बैंकिङ्ग, विप्रेषण सेवा, धनलक्ष्मी डेविट कार्ड, एटिएम प्वाइन्ट अफ सेल्स टर्मिनल जस्ता परिस्कृत बैंकिङ्ग सेवा तथा सुविधाहरु दिइरहेको छ । विगत वर्षहरुमा सुरुवात गरेको व्यक्तिगत कर्जा र घर

कर्जा लगायतका बैंकिङ्ग सेवाहरु समय सापेक्ष बनाई तपांईहरुको बैंकले उपभोक्तामुखी सेवा दिएर ग्राहक वर्गहरुको विश्वास जित्न सफल भएको छ ।

विदेशवाट रेमिट्यान्स प्राप्त गर्ने नेपाली परिवारहरुको संख्या प्रत्येक वर्ष वढ्दो क्रममा रहेको र विप्रेषणले मुलुकको गरिवीको रेखा घटाउन महत्वपुर्ण योगदान दिने गरेको तथ्यांक रहेको छ । विदेशमा गएका नेपाली श्रमिकहरुवाट भित्रिएको रेमिट्यान्सले कुल गार्हस्थ उत्पादनको १२.४ प्रतिशत हिस्सा ओगटेको छ । यिनै कुराहरुलाई मध्यनजर राखी बैंकले रेमिट्यान्स व्यवसायलाई उच्च महत्व दिई कारोवारको एक महत्वपूर्ण हिस्सा वनाउनका लागि मध्यपुर्व एसियाको दुवई स्थित वाल स्ट्रिट एक्स्चेन्ज एलएलसीमा एकजना कर्मचारीलाई खटाई रेमिट्यान्स व्यवसायको सुरुवात गरेको छ । मुलुकमा बैंकिङ्ग च्यानलवाट रेमिट्यान्स भित्र्याउने लक्ष्मी बैंकको सोचलाई कार्यरुप दिने पहिलो सिंढीको रुपमा यसलाई हामीले लिएका छौं ।

**(ग) शाखा विस्तार:**

समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकवाट काठमाण्डौको हात्तिसारमा शाखा तथा कर्पोरेट कार्यालय खोल्ने अनुमति प्राप्त गरी समीक्षा वर्षको दोश्रो त्रैमासिकमा शाखा कार्यालय तथा कर्पोरेट कार्यालय खोली बैंकिङ्ग सेवा पूर्णरुपमा सञ्चालन हुँदै आएको छ । काठमाण्डौ मुलुकको प्रमुख व्यापारिक केन्द्र भएको हुनाले त्यसको भरपुर फाइदा उठाउन बैंक प्रयत्नशील रहेको छ । त्यसै गरी बैंकले यसै बर्ष नेपालको दोश्रो प्रमुख शहर एवं औद्योगिक नगरी विराटनगरमा शाखा सञ्चालनको अनुमति प्राप्त गरी शाखा सञ्चालनमा ल्याएको छ ।

दुवै शाखा विस्तारवाट खुद्रास्तरको निक्षेप संकलनमा उल्लेखनीय वृद्धि भएको र कोषको लागत (Cost of Fund) घटाउन मद्दत पुगेकोछ । त्यसै गरी शाखा विस्तारवाट निक्षेपमा सीमित ग्राहकहरुको एकाग्रतामा कम हुन गई जोखिम न्युनिकरण गर्न सहयोग भएकोछ ।

**२. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट बैंकको कारोवारलाई कुनै असर पारेको भए सो असर:**

२०६२ साल भरि नै मुलुक राजनैतिक अस्थिरताका कारणले आक्रान्त रही सुरक्षाका दृष्टिकोणले विषम तथा चुनौतिपुर्ण अवस्थामा रह्यो । यस अवधिमा ऐतिहासिक जनआन्दोलनको सफलता र त्यसको परिणामले मुलुकमा शान्ति र स्थिरताका लागि नयां आशाहरु पलाए तर संक्रमणकालको कारणले राजनैतिक अवस्था तरल रहेको र दिगो शान्ति, विकास र स्थायित्वको प्रतिक्षाको घडी समाप्त भई नसकेको हुनाले मुलुकको विभिन्न क्षेत्र शिथिल रहन पुगेकाले बैंकिङ्ग क्षेत्रमा त्यसको प्रभाव पर्नु स्वभाविक नै हो । यद्यपि तपाईहरुको बैंकले यी विषम राष्ट्रिय राजनितिक परिस्थितिका वावजुद आफ्नो कारोवारलाई स्थिरता तथा गति दिन सफल भएको छ ।

अन्तराष्ट्रिय जगतमा पेट्रोलियम पदार्थको मुल्यको उच्च वृद्धि र विश्व उत्पादनको उच्च चापका कारण मुद्रास्फिति वढ्न सक्ने सम्भावनाले गर्दा व्याजदर वढाउने नीतिले विश्व मुद्रास्फिति नियन्त्रित स्थितिमा रहन गएको अन्तराष्ट्रिय मुद्राकोषको प्रतिवेदनले देखाएको छ । सानो र खुला अर्थतन्त्र भएकोले विश्व अर्थतन्त्रको परिदृष्यको प्रभाव नेपाली अर्थतन्त्रमा पर्नु स्वभाविक हो यसको प्रत्यक्ष वा परोक्ष प्रभाव बैंकिङ्ग प्रणालीमा समेत पर्दछ । विश्व व्यापार संगठनको सदस्यता लिइसकेको परिप्रेक्ष्यमा सोको कारणले राष्ट्रिय अर्थतन्त्रमा पर्ने प्रभाव समेतलाई मध्यनजर राखी बैंकले आफ्ना योजना र रणनीतिहरु वनाउनु पर्ने अपरिहार्यतालाई पनि बैंकले उत्तिकै महत्वका साथ आत्मसात गरेको छ ।

विगत ३ वर्ष यता विश्व उत्पादनमा उच्च वृद्धि भएको र त्यसका प्रमुख श्रोतका रुपमा छिमेकी मुलुक भारत र चीन रहेका छन् । द्वन्द र राजनैतिक अस्थिरताका कारणले उच्च विश्व उत्पादनको फाइदा नेपालले लिन सकेन तर त्यसको प्रभाव स्वरुप क्षेत्रीय श्रम वजारमा नेपाली कामदारको माग वढेकोले विप्रेषणको आप्रवाहमा सकारात्मक प्रभाव परी मुलुकको वाह्य क्षेत्र सन्तुलित हुन पुग्यो । नेपालको अर्थतन्त्र विगत केहि बर्ष देखि प्रगतिउन्मुख हुन नसकेकाले बैंकको कारोवारले पनि सोचे अनुकुल गति लिन नसके पनि हालै नेपालको राजनितिमा आएको परिवर्तनले आगामी बर्षहरुमा बैंकको कारोवार सोचे भन्दा बढि बृद्धि हुने आशाका किरण जगाएको देखिन्छ ।

**३. प्रतिवेदन तयार भएको मिति सम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा:**

**(क) वासलात तयार हुने मितिसम्म कम्पनीको कारोवार स्थिति:**

चालु आ. ब. को प्रथम त्रैमासिकको कम्पनीको कारोवार स्थिति निम्न बमोजिम भएको अवगत गराउंदछु ।

(राशी रु. दश लाखमा)

| सि.नं. | शिर्षक | ३१/०६/२०६३ (१७/१०/२००६) |
|---|---|---|
| १ | निक्षेप | ५,३३७.८४ |
| २. | जोखिम सम्पत्ति | ४,७५४.३३ |
| ३. | लगानी | ४५९.६७ |
| ४. | सञ्चालन मुनाफा (नगद प्राप्तीको आधारमा) | २१.१७ |
| ५. | सञ्चालन मुनाफा (पाकेको [Accural] आधारमा) | ३८.२०७ |
| ६. | कर्जा नोक्शानी व्यवस्था | ८३.२८ |

आदरणीय शेयरधनी महानुभावहरु यहांहरुको बैंकले चालु आ.व.२०६३/०६४ मा ललितपुरको पुल्चोकमा बैंकको छैठौं शाखा खोलेको छ र ललितपुर शाखा ललितपुरको व्यापारिक केन्द्रमा रहेको ललितपुर विशालवजार मल्टिकम्प्लेक्स भवनमा अवस्थित रहेकोछ । यो शाखावाट सवै किसिमका बैंकिङ्ग सेवाहरु प्रदान गरिनुका अतिरिक्त यस शाखालाई रिटेल बैंकिङ्गको मुख्यालयको रुपमा विकास गरेका छौं ।

त्यसै गरी बैंकले चितवन जिल्लाको नारायणगढमा सातौं शाखा खोली सकेको छ, काठमाडौंको टेकुमा शाखा खोल्ने कार्य अन्तिम चरणमा पुगेको छ । यी सवै शाखाहरुवाट खुद्रा निक्षेपमा वृद्धि हुने र बैंकको समग्र कारोवारलाई उपभोक्ता माझ पुर्‍याउन सक्षम हुने विश्वास लिएका छौं ।

तपाईंहरुको बैंकले सफलता पुर्वक अभ्यास गरी रहेको पारदर्शिता, सुशाशन र बैंकको अन्तराष्ट्रिय मान्यतामा आधारित सञ्चालन पद्दतिलाई चित्रण गर्ने वार्षिक प्रतिवेदनको लागि लगातार दोश्रो पटक सर्वोत्कृष्ट लेखा प्रस्तुति पुरस्कार (Best Presented Accounts Award) पाउन सफल भएको छ । नेपालका चाटर्ड एकाउन्टेण्टहरुको छाता संगठन ICAN द्वारा आर्थिक वर्ष २०६०/०६१ र २०६१/०६२ मा लगातार यो सम्मान प्राप्त गरेको छ । यसले बैंकको प्रगतिमा एक महत्वपूर्ण कोशेढुंगाको काम गरेको छ भन्ने हामीले महसुस गरेका छौं ।

बैंकिङ्ग माध्यमवाट रेमिट्यान्स भित्र्याउने बैंकको लक्ष्य पुरा गर्ने अर्को सिंढीको रुपमा बैंकले मलेसियाको कम्पनीसंग रेमिट्यान्स सेवा सम्वन्धी सम्झौता गरेका छौं । रेमिट्यान्सको क्षेत्र वृद्धिको अवसरको खोजीमा लक्ष्मी बैंक लगातार रुपमा काम गरी रहेकोछ । विदेशवाट नेपालका विभिन्न ठांऊहरुमा रकम पठाउनका लागि लक्ष्मी बैंक एक्स्प्रेस मनी ट्रान्स्फर (Laxmi Bank - Express Money Transfer) को नामवाट लक्ष्मी बैंक लिमिटेडले आफैले विकास गरेको सफ्टवेयर मार्फत इन्टरनेटमा आधारित अनलाईन रेमिट्यान्स सेवाको सुरुवात गरेकोछ ।

बैंकले आय वृद्धि हुने विभिन्न संयन्त्रको विस्तार गर्ने क्रममा नेपाल तथा भारतका विभिन्न ठांउहरुमा चल्न सक्ने भिसा क्रेडिट कार्ड जारी गर्न लागि रहेको र यसको लागि सम्झौता समेत गरी सकेको जानकारी गराउछौं ।

**(ख) बैंकको उन्नतिको लागि भविश्यमा गर्नु पर्ने कुराको योजनाका सम्वन्धमा सञ्चालक समितिको धारणा देहाय वमोजिम रहेको छ:**

- नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम बैंकको चुक्ता पुंजी रु. ८० करोड पुऱ्याउने तर्फ ५:१ का दरले हकप्रद शेयर निष्काशन गर्ने योजना रहेको,
- उपभोक्तामुखी कर्जामा बृद्धि गर्ने उद्देश्य परिपूर्तिका लागि उच्चस्तरको ग्राहक सेवालाई जोड दिने अभिप्रायले आन्तरिक रुपमा ग्राहकहरुलाई असल सेवा अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु जारी राख्ने,
- कोष तथा लगानीको निरन्तर अनुगमन र कर्जा तथा लगानीमा भएका जोखिम न्यूनीकरण गर्दै व्यवस्थापन सूचना प्रणालीलाई अझ सूक्ष्म रुप र स्वचालित ढंगले समयमै जानकारी उपलव्ध हुने व्यवस्था मिलाउने,
- शेयरधनी महानुभावहरुको विश्वास जित्ने,
- बैंकमा कार्यरत कर्मचारीहरुलाई थप अवसर र मौकाहरु प्रदान गर्ने,
- ग्राहकहरुलाई गैर बैंकिङ्ग सेवाहरु प्रदान गर्ने,
- बैंकको संस्थागत छविलाई बृद्धि गर्नु हाम्रो दायित्व हो यसका लागि बैंकले आत्मसात गरेको संस्थागत सुशासनको नीतिलाई अझ सशक्त ढंगले अवलम्वन गर्दै जाने र समग्र समाज र राष्ट्रलाई आफ्नो तर्फबाट अधिक योगदान गर्दै जाने ।

सम्पूर्ण समाज, ग्राहकहरु, कर्मचारी तथा समस्त शेयरधनीहरुको इच्छा, आकांक्षा र चाहनाहरुलाई सन्तुष्ट गर्ने चुनौतीहरु बोकेर उल्लेखित योजनाहरु परिपूर्ति गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनको अक्षरश: पालना गर्दै बैंक सञ्चालन गर्नु हाम्रो योजना रहेको अनुरोध गर्दै यस बैंकको उन्नति र विकास गर्दै सबैको प्रिय बैंकको रुपमा उभ्याउनु नै हाम्रो लक्ष्य रहेको अनुरोध गर्न चाहन्छौं ।

**४. बैंकको औद्योगिक वा व्यावसायिक सम्बन्ध:**

तपांईहरुको बैंकको राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैर सरकारी संघसंगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु, कर्मचारीहरु तथा अन्य सवै लाभग्राहीहरुसंग सुमधुर व्यावसायिक सम्बन्ध रहेको सहर्ष जानकारी गराउंदछौ ।

**५. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण:**

यस बैंकको सञ्चालक समितिमा संस्थागत शेयरधनीको प्रतिनिधित्व गर्ने नागरिक लगानी कोषको तर्फबाट प्रतिनिधि श्री विश्वनाथ शर्माज्यूले सञ्चालक समितिमा प्रतिनिधित्व गर्नु भएकोमा मिति २०६३।०२।०१ देखि श्री नन्दनहरि शर्माज्यूले प्रतिनिधित्व गर्नुभएको छ ।

यस बैंकको सञ्चालक समितिले नेपाल राष्ट्र बैंकले तोकेको बिशेषज्ञहरुको सूचीबाट श्री शम्भु प्रसाद आचार्यज्यूलाई मिति २०६३/४/१ गते देखि व्यवसायिक सञ्चालकमा नियुक्त गरिएको छ ।

बैंकको निरन्तर प्रगतिका लागि श्री विश्वनाथ शर्माज्यूले गर्नु भएको योगदानको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । बैंकको सञ्चालक समितिमा पुन: प्रतिनिधित्व गर्नु हुने श्री नन्दनहरि शर्माज्यू र व्यवसायिक सञ्चालकको रुपमा नियुक्त श्री शम्भु प्रसाद आचार्यज्यूलाई हार्दिक स्वागत गर्दै बैंकको उत्तरोत्तर प्रगतिमा उहांहरुको योगदानको अपेक्षा गरेकाछौं ।

**६. कारोवारलाई असर पार्ने मुख्य कुराहरु:**

बैंकको कारोवारलाई असर पार्ने कुराहरु देहाय बमोजिम छन्:

(क) वाणिज्य बैंक तथा विभिन्न वित्तीय संस्थाहरुको स्थापना हुने क्रम जारी रहेबाट यी संस्थाहरु वीच उत्पन्न प्रतिस्पर्धाबाट हुनसक्ने संभावित जोखिमहरु ।

(ख) प्रतित-पत्र/जमानत-पत्र जस्ता गैर कोषीय सेवाहरु प्रदान गर्दा हुनसक्ने संभावित जोखिमहरु ।

(ग) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार व्याजदरमा हुने परिवर्तन तथा थपघटले हुनसक्ने संभावित जोखिमहरु ।

(घ) सरकारी वा नेपाल राष्ट्र बैंकको वाणिज्य बैंक सम्बन्धी नीतिमा हुने परिवर्तनले सिर्जना हुन सक्ने संभावित जोखिमहरु ।

(ङ) देशको आर्थिक मौद्रिक तथा वित्तीय नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुनसक्ने संभावित जोखिमहरु ।

(च) विदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने थपघटबाट हुनसक्ने जोखिमहरु ।

(छ) निक्षेप तथा कर्जा लगानी व्याजदरमा हुने परिवर्तनबाट हुन सक्ने संभावित जोखिमहरु ।

(ज) पूंजी बजारमा आउन सक्ने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(झ) यथा समयमा कर्जा असुली नभई उत्पन्न हुन सक्ने आर्थिक जोखिमहरु ।

(ञ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ट) कर्जा तथा लगानीको दायरा सांघुरिएर उत्पन्न हुन सक्ने जोखिमहरु ।

(ठ) अन्तराष्ट्रिय बजारमा हुने उतारचढावबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

(ड) विदेशी विनिमयको उतारचढाववाट हुन सक्ने सम्भावित जोखिमहरु ।

बैंकले कर्जा तथा सापट र लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि कर्जा नोक्शानी व्यवस्था, लगानीमा सम्भावित हानी नोक्सानीको व्यवस्था, सटही घटवढ कोष जस्ता कोषहरुको व्यवस्था गरेको छ । बैंकले यी बाहेकका व्यावसायिक जोखिमहरुबाट सृजना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

**७. लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया:**

लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको छैन ।

**८. लाभांश बांडफांड गर्न सिफारिस गरिएको रकम:**

बैंक सञ्चालनमा आएको ४ वर्षको छोटो अवधिमा बैंकले उल्लेख्य रुपमा मुनाफामा वृद्धि गर्दै लगेको भए पनि नियमनकारी निकायको पुंजी सम्वन्धी नीतिका कारण तपाईहरुको बैंकले आर्थिक वर्ष २०६२/०६३ को नाफावाट लाभांश वितरण नगरी सम्पूर्ण रकमलाई अवितरित नाफामा सारेको अवगत गराउंदछौ ।

**९. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत बैंकले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी बैंकले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सो को विवरण:**

यस बैंकले हालसम्म कुनै शेयर जफत गरेको छैन । यस बैंकको र मर्जर पुर्वको हाइसेफ फाइनान्स लि.को शेयरमा माग गरेको रकम चुक्ता नगर्ने केही शेयरधनीहरुलाई कम्पनी कानूनको प्रकृया पुरा गरी किस्ता माग गरिएको रकम चुक्ता गर्न सूचना दिइसकिएको छ । माग वमोजिमको रकम चुक्ता नभएमा रकम चुक्ता नगर्ने शेयरधनीहरुको शेयर बारे बैंकले यस आर्थिक वर्ष भित्र उचित निर्णय लिनेछ ।

**१०. विगत आर्थिक बर्षमा बैंक र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक बर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन**:

विगत आर्थिक बर्षमा भएको बैंकको प्रगतिको सम्बन्धमा माथि उल्लेख भैसकेको छ । बैंकको सहायक कम्पनी नभएको व्यहोरा अवगत गराउंदछौं ।

**११. बैंक तथा त्यसको सहायक कम्पनीले आर्थिक बर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा बैंकको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन:**

बैंकको प्रमुख कारोवारहरु र कारोवारमा आएको महत्वपूर्ण परिवर्तन सम्बन्धमा माथि उल्लेख गरीसकेका छौं ।

**१२. विगत आर्थिक बर्षमा बैंकको आधारभूत शेयरधनीहरुले बैंकलाई उपलव्ध गराएको जानकारी:**

विगत आर्थिक वर्षमा १ प्रतिशत वा सो भन्दा बढि शेयर हुने १५ जना आधारभूत शेयरधनी महानुभावहरुको लगत बैंकले राखेको छ । आधारभूत शेयरधनीहरुले बैंकलाई कुनै व्यहोरा जानकारी नगराएको जानकारी गराउंदछौं ।

**१३. विगत आर्थिक बर्षमा बैंकका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र बैंकको शेयर कारोवारमा निजहरु संलग्न भएको भए सो सम्बन्धमा निजहरुवाट बैंकले प्राप्त गरेको जानकारी:**

यस बैंकको सञ्चालक तथा पदाधिकारीको शेयरमा रहेको स्वामित्वको विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | नाम | शेयर संख्या | कैफियत |
|---|---|---|---|
| १. | मोहन गोपाल खेतान<br>(क) वर्गका संस्थापक शेयरधनीहरुबाट मनोनित | ६०,००० थान | अध्यक्ष |
| २. | चन्द्र प्रकाश खेतान<br>(क) वर्गका संस्थापक शेयरधनीहरुबाट मनोनित | १० थान | सञ्चालक |
| ३. | गोपी कृष्ण सिकरिया<br>(क) वर्गका संस्थापक शेयरधनीहरुबाट मनोनित | ३७५,००० थान | सञ्चालक |
| ४. | मधुसुदन अग्रवाल<br>(क) वर्गका संस्थापक शेयरधनीहरुबाट मनोनित | २७,६८० थान | सञ्चालक |
| ५. | नन्दनहरि शर्मा / विश्वनाथ शर्मा<br>(ख) वर्गका संस्थागत शेयरधनीहरुबाट मनोनित | | सञ्चालक |
| ६. | भोला वावु अधिकारी<br>(ग) वर्गका साधारण शेयरधनीहरुबाट निर्वाचित | ३,००० थान | सञ्चालक |
| ७ | राकेश कुमार अडुकिया<br>(ग) वर्गका साधारण शेयरधनीहरुबाट निर्वाचित | - | सञ्चालक |
| ८. | रतन लाल संघई | ५,२५,००० थान | सल्लाहकार |
| ९. | नरेन्द्र कुमार बस्न्यात | १६० थान | सल्लाहकार |
| १०. | सुमन जोशी | ३,९६० थान | प्रमुख कार्यकारी अधिकृत |
| ११. | भुवनेश्वर प्र.शाह | ३,८०० थान | कम्पनी सचिव |
| १२. | भुवल राई | ३,९६० थान | प्रमुख आन्तरिक लेखा परीक्षण विभाग |
| १३. | अजय बिक्रम शाह | ४१० थान | प्रमुख उपभोक्ता वित्तीय सेवा |

निजहरु शेयर कारोवारमा संलग्न भएको कुनै विवरण निजहरुवाट प्राप्त भएको छैन ।

**१४. विगत आर्थिक बर्षमा बैंकसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलव्ध गराईएको जानकारीको व्यहोरा:**

बैंकको कुनै सम्झौताहरुमा सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नभएकोले बैंकमा त्यस्तो जानकारी उपलव्ध नभएको ।

**१५. बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरे वापत बैंकले भुक्तानी गरेको रकम :**

हालसम्म यस बैंकले आफ्नो शेयर आफैंले खरिद गरेको छैन ।

**१६. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विस्तृत विवरण:**

नियमनकारी नियन्त्रण प्रणाली वाहेक बैंकमा आन्तरिक नियन्त्रण प्रणाली रहेको छ । यसका लागि बैंकले सञ्चालक स्तरीय लेखा समितिको अधीनमा आन्तरिक लेखा परीक्षण विभाग खडा गरी काम गर्दै आएको छ । त्यसै गरी संचालन जोखिम विभाग मार्फत सवै किसिमका सञ्चालन जोखिमको व्यवस्थापन र प्रबन्धक कर्जा जोखिमको अधीनमा आन्तरिक कर्जा जोखिम व्यवस्थापन गर्दै आएकोछ । यी सवै कार्यका लागि बैंकले पर्याप्त नीतिगत व्यवस्था गरेको छ ।

**१७. विगत आर्थिक बर्षको कूल व्यवस्थापन खर्चको विवरण:**

गत आर्थिक बर्षमा यस बैंकको कूल व्यवस्थापन खर्च देहाय वमोजिम रहेको जानकारी गराउदछौं ।

(राशी रु. दश लाखमा)

| व्यवस्थापन खर्चको विवरण | रकम |
|---|---|
| कर्मचारी खर्च | ३७.६४ |
| कार्यालय सञ्चालन खर्च | ५०.१२ |
| कुल व्यवस्थापन खर्च | ८७.७६ |

**१८. लेखापरिक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण:**

बैंकको हालको लेखा परीक्षण समिति निम्न वमोजिम रहेको छ:

(१) सञ्चालक श्री मधुसुदन अग्रवाल — अध्यक्ष

(२) सञ्चालक श्री गोपीकृष्ण शिकरिया — सदस्य

(३) चाटर्ड एकाउण्टेण्ट श्री किशोर बाँस्कोटा — सदस्य

(४) श्री भुवल राई प्रमुख आन्तरिक लेखापरीक्षण विभाग — पदेन सदस्य

आर्थिक वर्ष २०६२/०६३ मा लेखा परिक्षण समितिको जम्मा ११ वटा बैठक बसेको थियो। लेखा परिक्षण समितिको बैंठक भत्ता सञ्चालक समितिको बैठक भत्ता सरह हुने र आर्थिक वर्ष २०६२/०६३ मा लेखा परिक्षण समितिको बैंठक भत्ता बापत जम्मा रु. १,३२,६००/- खर्च भएको जानकारी गराउंदछौं। उक्त समितिमा प्रतिनिधित्व गर्ने पदेन सदस्यलाई बैठक भत्ताको व्यवस्था नभएको समेत जानकारी गराउदछौं।

उक्त समितिले आफ्नो कार्यक्षेत्र (Terms of Reference) र बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भए अनुसार कार्य गरेको अवगत गराउंदछौं।

उक्त समितिले मुख्य रुपमा सुचना तथा प्रविधि विभागको छुट्टै audit गर्न सञ्चालक समितिलाई सुझाव दिएकोमा उक्त सुझाव वमोजिम सुचना प्रविधि विभागको लेखा परीक्षण गर्न व्यवस्थापनलाई निर्देशन दिइ सकिएको छ। उक्त निर्देशन बमोजिम audit को काम सम्पन्न भइसकेको छ।

**१९. सञ्चालक, कार्यकारी प्रमुख, बैंकका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले बैंकलाई कुनै रकम बुझाउन बांकी भए सो कुरा:**

सञ्चालकहरु, कार्यकारी प्रमुख, बैंकका आधारभुत शेयरधनीहरु तथा निजहरुका नजिकका नातेदार वा निजहरु संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कुनै रकम बुझाउन बांकी रहेको छैन।

**२०. सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम:**

सञ्चालकहरु, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई आर्थिक वर्ष २०६२/०६३ मा भुक्तानी गरिएको कुल पारिश्रमिक, भत्ता तथा सुविधाको रकम देहाय वमोजिम रहेको छ:

| सि.नं. | सञ्चालकहरुको नाम | पद | उपलव्ध गराईएको कुल भत्ता/सुविधा |
|---|---|---|---|
| १. | मोहन गोपाल खेतान | अध्यक्ष | १,०५,०००/- |
| २. | भोला वावु अधिकारी | सञ्चालक | ८६,०००/- |
| ३. | चन्द्र प्रकाश खेतान | " | १,५४,०००/- |
| ४. | गोपी कृष्ण सिकरीया | " | १,५०,०००/- |
| ५. | मधुसुदन अग्रवाल | " | १,३०,०००/- |
| ६. | राकेश अडुकिया | " | ४६,०००/- |
| ७. | नन्दनहरि शर्मा | " | २२,०००/- |
| ८. | बिश्वनाथ शर्मा | " | ५२,०००/- |
| ९. | नरेन्द्र कुमार बस्न्यात | सल्लाहकार | ७८,०००/- |
| १०. | रतन लाल संघई | " | १,४२,०००/- |

सञ्चालकहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन। माथि उल्लेखित भत्ता/सुविधा अन्तर्गत प्रति महिना पाउने मोवाइल फोन सोधभर्ना बापत

रु. २०००/- समेत समावेश गरिएको छ। त्यसैगरी सञ्चालकलाई सञ्चालक समितिको बैठकमा भाग लिन आउन जानका लागि स्थानीय हवाई भाडा उपलब्ध गराइएको छ। सञ्चालक समितिको बैठकमा उपस्थित हुनका लागि बैठक स्थल वाहिर रहनु भएका सञ्चालकले खर्च गरेको आते जाते वास्तविक हवाई भाडा तथा विमानस्थल शुल्क दिने गरी प्रवन्धपत्र तथा नियमावलीमा गरेको संशोधन प्रस्ताव समेत पारित गरिदिनु हुन र गत वर्ष भएको यस प्रकारको खर्च समेत अनुमोदनको लागि अनुरोध छ।

कार्यकारी प्रमुख तथा मुख्य पदाधिकारीहरुको पारिश्रमिक, भत्ता तथा सुविधा निम्न बमोजिम भएको व्यहोरा अवगत गराउंदछौं।

| सि.नं. | विवरण | उपलव्ध गराईएको पारिश्रमिक, भत्ता तथा सुविधा |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | ५५,६०,९८७.४५ |
| २. | कम्पनी सचिव/कर्पोरेट अफेयर्स डाइरेक्टर | ११,८८,८६१.७१ |
| ३. | प्रवन्धकहरु | ९३,२६,४७६.९८ |

कार्यकारी प्रमुख तथा कम्पनी सचिवले सञ्चालक समिति वा अन्य कुनै समितिमा भाग लिए वापत बैठक भत्ता पाउने व्यवस्था गरिएको छैन।

**२१. शेयरधनीहरुले बुझिलिन बांकी रहेको लाभांशको रकम:**

यस बैंकमा गाभिनु भन्दा अगाडि आर्थिक वर्ष २०५५/०५६ मा हाइसेफ फाइनान्स लिमिटेडले घोषणा गरेको लाभांश रकम समीक्षा अवधिमा जम्मा ६२४ जना शेयरधनीहरुको रु. १,४९,४३५।- वुझिलिन वांकी रहेकोमा २०६३/०६/२५ गते सम्ममा ६१८ जना शेयरधनीहरुको रु. १,४२,६१०/- रकम भुक्तानी लिन वांकी रहेको छ।

**२२. कम्पनी अध्यादेश, २०६२ तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु:**

**प्रवन्धपत्र तथा नियमावलीमा संशोधन:** बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६२ वमोजिम बैंकको पुन: दर्ताको सिलसिलामा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन वमोजिम यस साधारण सभामा प्रवन्ध पत्र तथा नियमावलीमा संशोधनको प्रस्ताव गरेका छौं। प्रस्तावित संशोधनको तीन महले सहितको विवरण तपाईहरुको हातमा परिसकेको छ। जसलाई पारित गर्नका लागि छुट्टै विशेष प्रस्ताव यसै साधारणसभामा पेश गरिएको छ। उक्त प्रवन्धपत्र तथा नियमावलीमा संशोधन प्रस्ताव पारित गरिदिनु हुनेछ भन्ने विश्वास लिएका छौं।

**शेयरधनी महानुभावहरुको लागि सूचना व्यवस्था:** बैंकले सवै शेयरधनी महानुभावहरुसंगको सूचना आदान प्रदानलाई उच्च प्राथमिकता दिएको छ। यस सन्दर्भमा बैंकले वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य बैंकको प्रगति विवरणहरु विभिन्न समाचार माध्यम एवं बैंकको वेभसाइट www.laxmibank.com मार्फत जानकारी गराउने गरेको छ। बैंकमा समय समयमा लगानीकर्ता तथा व्यक्तिगत रुपमा आएका विभिन्न जिज्ञासाहरुको उचित निष्कर्ष निकाल्ने उपयुक्त र महत्वपूर्ण थलो वार्षिक साधारण सभा भएकोले सवै शेयरधनी महानुभावहरुलाई सभामा सहभागी भई बैंकको प्रगतिमा छलफल गर्न प्रोत्साहित गरेका छौं।

अन्तमा,

बैंकको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन गर्नु हुने सम्पुर्ण महानुभावहरु, नियमनकारी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा लाभग्राही एवं समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछौं। साथै बैंकलाई यस उचाईमा पुऱ्याउन सहयोग गर्ने व्यवस्थापन तथा कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दछौं।

धन्यवाद।

सञ्चालक समितिको तर्फवाट
अध्यक्ष
**मोहन गोपाल खेतान**

**नि. टि आर उपाध्याय एण्ड कं.**
**चार्टर्ड एकाउण्टेण्टस्**

**T. R. Upadhya & Co.**
*Chartered Accountants*

# लक्ष्मी बैंक लिमिटेड
# का
# शेयरहोल्डरहरूमा लेखापरीक्षकको प्रतिवेदन

हामीले लक्ष्मी बैंक लिमिटेडको यसै साथ संलग्न २०६३ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको बर्षको नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मापदण्ड (Nepal Standards on Auditing) का आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभुतरुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती मार्गदर्शन अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

कम्पनी अध्यादेश २०६२ र बैंक तथा वित्तिय संस्था सम्बन्धि अध्यादेश २०६२ बमोजिम देहाय अनुसार प्रतिवेदन गरेका छौं ।

क) हामीले जानेबुझे सम्म लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सुचना एवं स्पष्टिकरण पायौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा बैंकको हिसाव किताब ऐन बमोजिम ठीकसंग राखिएको छ ।

ग) बैंकको शाखाहरुबाट प्राप्त विवरण लेखापरीक्षणको लागि पर्याप्त थिए ।

घ) यस प्रतिवेदन संग सम्बद्ध वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण कम्पनी अध्यादेश २०६२ एवं नेपाल राष्ट्र बैंकले तोके बमोजिम तयार भएको छ र बैंकले राखेको लेखासंग दूरुस्त रहेको छ ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पूंजीकोष तथा जोखिम ब्यहोर्ने कोष मा पर्याप्त व्यवस्था गरेको छ ।

च) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा बैंकको कारोबार सन्तोषजनक रहेको पाइयो ।

छ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिएको स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताबाट संचालक समिति अथवा कूनै कर्मचारीले हिसाब किताब सम्बन्धी कानूनी व्यवस्था बिरुद्ध कामकाज वा हानी-नोक्सानी गरेको, नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरेको वा बैंक, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं, तथा

हाम्रो रायमा आर्थिक विवरणले नेपाल लेखामान तथा सामान्यतया सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार बैंकको २०६३ साल आषाढ मसान्तको आर्थिक स्थिति, सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको समग्रमा यथार्थ एवं समूचित चित्रण गर्दछ र कम्पनी अध्यादेश २०६२ र बैंक तथा वित्तीय संस्था सम्बन्धि अध्यादेश २०६२ बमोजिम रहेको छ ।

(**टि आर उपाध्याय**)
वरिष्ठ साझेदार काठमाडौं ।
नि. टि आर उपाध्याय एण्ड कं.
चार्टर्ड एकाउन्टेन्टस्

**मितिः ११ अक्टोबर २००६ (२५ आश्विन, २०६३)**

104 Tanka Prasad Marg, Baneswar Height, Post Box No. 4414, Kathmandu, Nepal
Tel: 977 (1) 4495000, 4472658, Fax: 977 (1) 4474178
E-mail: trunco@ntc.net.np

# ३२ आषाढ २०६३ (१६ जुलाई २००६) को
# वासलात

*अङ्क रुपैयाँमा*

| | पूँजी र दायित्व | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ४.१ | ६०,९९,१७,३०० | ६०,९८,३९,००० |
| २. | जगेडा कोषहरू | ४.२ | ६,९१,१६,०७४ | ३,३७,३०,७४१ |
| ३. | ऋणपत्र र बन्ड | ४.३ | - | - |
| ४. | तिर्न बाँकि कर्जा सापटी | ४.४ | २,९७,६०,००० | १,८६,९१,२१९ |
| ५. | निक्षेप दायित्व | ४.५ | ४,४४,४३,५१,४५२ | ३,०५,१७,५८,९०५ |
| ६. | भुक्तानी दिनु पर्ने बिलहरू | ४.६ | ४७,४८,६५५ | ३,१४,४२,५४७ |
| ७. | प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांस | | १,४९,४३५ | ३,०८,८८० |
| ८. | आयकर दायित्व | | - | १४,४९,८५८ |
| ९. | अन्य दायित्व | ४.७ | ४,७१,४७,३५१ | ६,२५,५४,८४३ |
| | **कूल पूँजी र दायित्व** | | **५,२०,५१,९०,२६७** | **३,८०,९७,७५,९९३** |

| | |
|---|---|
| सम्भावित दायित्व | अनुसूची ४.१७ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२९ |
| पूँजीकोष तालिका | अनुसूची ४.३० |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.३०(क) |
| प्रमुख सूचकाङ्कहरु | अनुसूची ४.३१ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.३२ |
| लेखा सम्बन्धि टिप्पणीहरु | अनुसूची ४.३३ |

***४.१ देखि ४.१७ सम्मका अनुसूचीहरू वासलातका अभिन्न अङ्ग हुन् ।***

**सन्तोष निरौला**
प्रबन्धक - वित्त तथा कोष

**सुमन जोशी**
प्रमुख कार्यकारी अधिकृत

**भोला बावु अधिकारी**
**चन्द्र प्रकाश खेतान**
**गोपी कृष्ण शिकरिया**
**मधुसुदन अग्रवाल**
**नन्दनहरि शर्मा**
**राकेश कुमार अडुकिया**
**शम्भु प्रसाद आचार्य**
सञ्चालकहरु

# ३२ आषाढ २०६३ (१६ जुलाई २००६) को
# वासलात

*अङ्क रुपैयाँमा*

| | सम्पत्ति | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| १. | नगद मौज्दात | ४.८ | ६,६६,०२,१७५ | १०,९८,५१,६०९ |
| २. | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.९ | १३,२३,८१,४५९ | २५,४९,०४,१४९ |
| ३. | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.१० | २,६१,४०,३४६ | १०,४७,८७,८२७ |
| ४. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.११ | ७,००,००,००० | ५,७५,०५,३७६ |
| ५. | लगानी | ४.१२ | ४९,९३,१०,९७० | ४१,०९३,९,३२४ |
| ६. | कर्जा, सापट तथा बिल खरिद | ४.१३ | ४,२०,२३,६१,९६१ | २,६५,७९,५८,४३६ |
| ७. | स्थिर सम्पत्ति | ४.१४ | १२,५१,६९,७५७ | १२,४३,८४,६२५ |
| ८. | गैर बैकिङ्ग सम्पत्ति | ४.१५ | ६,६१,९२४ | - |
| ९. | अन्य सम्पत्ति | ४.१६ | ८,२५,६१,६७५ | ८,९४,४४,६४७ |
| | **कूल सम्पत्ति** | | **५,२०,५१,९०,२६७** | **३,८०,९७,७५,९९३** |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

**मोहन गोपाल खेतान**
अध्यक्ष

**टि. आर. उपाध्याय**
नि. टि. आर. उपाध्याय एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

# नाफा-नोक्सान हिसाब

**१ श्रावण २०६२ देखि ३२ आषाढ २०६३ (१६ जुलाई २००५ देखि १६ जुलाई २००६) सम्म**

*अङ्क रुपैयाँमा*

| | विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|
| १. | ब्याज आम्दानी | ४.१८ | ३१,९२,५३,०९४ | २१,४१,३२,१०८ |
| २. | ब्याज खर्च | ४.१९ | १९,०५,८९,५३५ | ११,८४,३८,५२९ |
| | **खुद ब्याज आम्दानी** | | **१२,८६,६३,५५९** | **९,५६,९३,५७९** |
| ३. | कमिशन तथा डिस्काउण्ट | ४.२० | १,५०,३८,८८६ | १,१२,५४,२७२ |
| ४. | अन्य सञ्चालन आम्दानी | ४.२१ | ९७,८८,५५४ | ४४,२७,०६३ |
| ५. | सटही घटबढ आम्दानी | ४.२२ | ९४,२६,२३४ | ५७,७०,०४३ |
| | **कुल सञ्चालन आम्दानी** | | **१६,२९,१७,२३३** | **११,७१,४४,९५७** |
| ६. | कर्मचारी खर्च | ४.२३ | ३,७६,४०,४९१ | २,९९,३३,९५५ |
| ७. | अन्य सञ्चालन खर्च | ४.२४ | ५,०१,२२,९९२ | ३,७१,२२,३९१ |
| ८. | सटही घटबढ नोक्सान | ४.२२ | - | - |
| | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **७,५१,५३,७५०** | **५,००,८८,६११** |
| ९. | सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.२५ | १,५६,२५,५४५ | १,८२,२६,०३२ |
| | **सञ्चालन मुनाफा** | | **५,९५,२८,२०५** | **३,१८,६२,५७९** |
| १०. | गैर सञ्चालन आम्दानी/(नोक्सान) | ४.२६ | (८९,७०,९१२) | (९०,८८,८६६) |
| ११. | सम्भावित नोक्सान व्यवस्थाबाट फिर्ता | ४.२७ | ५८,६६,१८९ | १,६७,७१,८४३ |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | | **५,६४,२३,४८२** | **३,९५,४५,५५६** |
| १२. | असामान्य कारोवारहरुबाट भएको मुनाफा/(खर्च) | ४.२८ | (७,२४,२५६) | ९,११,७५६ |
| | **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **५,५६,९९,२२६** | **४,०४,५७,३१२** |
| १३. | कर्मचारी बोनस व्यवस्था | | ५०,६३,५६६ | ३,६७७,९३८ |
| १४. | आयकर व्यवस्था | | - | - |
| | यस वर्षको | | १,५२,५०,३२७ | १,०३,१४,५८९ |
| | गत वर्षसम्मको | | - | - |
| | खुद नाफा/(नोक्सान) | | ३,५३,८५,३३३ | २,६४,६४,७८५ |

*४.१८ देखि ४.२८ सम्मका अनुसूचीहरू नाफा-नोक्सान हिसाबका अभिन्न अङ्ग हुन् ।*

**सन्तोष निरौला**
प्रबन्धक - वित्त तथा कोष

**सुमन जोशी**
प्रमुख कार्यकारी अधिकृत

**भोला बाबु अधिकारी**
**चन्द्र प्रकाश खेतान**
**गोपी कृष्ण शिकरिया**
**मधुसुदन अग्रवाल**
**नन्दनहरि शर्मा**
**राकेश कुमार अडुकिया**
**शम्भु प्रसाद आचार्य**
सञ्चालकहरु

# नाफा-नोक्सान बाँडफाँड हिसाब

**१ श्रावण २०६२ देखि ३२ आषाढ २०६३ (१६ जुलाई २००५ देखि १६ जुलाई २००६) सम्म**

*अङ्क रुपैयाँमा*

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **आम्दानी** | | | |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | | २,५४,०४,०२७ | ४२,६१,६५८ |
| २. यस वर्षको मुनाफा | | ३,५३,८५,३३३ | २,६४,६४,७८५ |
| ३. सटही घटबढ कोष | | - | - |
| **जम्मा** | | **६,०७,८९,३६०** | **३,०७,२६,४४३** |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडा कोष | | ७०,७७,०६७ | ५२,९२,९५७ |
| ४. भैपरी आउने जगेडा | | – | – |
| ५. संस्था विकास कोष | | – | – |
| ६. लाभांश समीकरण कोष | | – | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | | – | – |
| ८. प्रस्तावित लाभांश | | – | – |
| ९. प्रस्तावित बोनस शेयर जारी | | – | – |
| १०. विशेष जगेडा कोष | | – | – |
| ११. सटही घटबढ कोष | | २,९३,२६९ | २९,४५९ |
| १२. पूँजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूँजी समायोजन कोष | | - | - |
| १४. ........................ | | - | - |
| **जम्मा** | | **७३,७०,३३६** | **५३,२२,४१६** |
| **१५. सञ्चित मुनाफा / (नोक्सान)** | | **५,३४,१९,०२४** | **२,५४,०४,०२७** |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

**मोहन गोपाल खेतान**
अध्यक्ष

**टि. आर. उपाध्याय**
नि. टि. आर. उपाध्याय एण्ड कम्पनी
चार्टड एकाउन्टेन्ट्स

# इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण

आ. व. २०६२/६३

*अङ्क रुपैयाँमा*

| विवरण | शेयर पूँजी | सञ्चित ना.नो | साधारण जगेडा कोष | पूँजीगत जगेडा कोष | शेयर प्रिमियम | सटही घटबढ कोष | अन्य जगेडा कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | ६०,९८,३९,००० | २,५४,०४,०२७ | ७५,८९,६१४ | | | ७,३७,१०० | | ६४,३५,६९,७४१ |
| समायोजन | | | | | | | | - |
| यस वर्षको खुद मुनाफा | | ३,५३,८५,३३३ | | | | | | ३,५३,८५,३३३ |
| जगेडा कोषमा सारेको | | (७०,७७,०६७) | ७०,७७,०६७ | | | | | - |
| पूँजी कोषको समायोजन | | | | | | | | - |
| लाभांस वितरण | | | | | | | | - |
| सटही घटबढ कोष | | (२,९३,२६९) | | | | २,९३,२६९ | | - |
| कल्स इन यरियर | ७८,३०० | | | | | | | ७८,३०० |
| अन्तिम मौज्दात | ६०,९९,१७,३०० | ५,३४,१९,०२४ | १,४६,६६,६८१ | | | १०,३०,३६९ | | ६७,९०,३३,३७४ |

# नगद प्रवाह विवरण

**१ श्रावण २०६२ देखि ३२ आषाढ २०६३ सम्म (१६ जुलाई २००५ देखि १६ जुलाई २००६ सम्म)**

*अङ्क रुपैयाँमा*

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| **१२,३८,६०,१६८** | **क) कारोवार सञ्चालनबाट नगद प्रवाह** | **(२५,६८,२५,५६०)** |
| **२२,९३,६७,३०४** | **१. नगद प्राप्ति** | **३५,७२,१६,२७३** |
| २०,५०,४५,९३२ | १.१ व्याज आम्दानी | ३२,२७,६२,५७७ |
| १,४९,३४,४३१ | १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | १,४८,८१,३८६ |
| ५७,७०,०४३ | १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | ९३,८३,७५६ |
| २०,०३,८५० | १.४ अपलेखित कर्जाको असूली | ४,००,००० |
| १६,१३,०४८ | १.५ अन्य आम्दानी | ९७,८८,५५४ |
| **१५,८१,०८,६०५** | **२. नगद भुक्तानी** | **२८,९५,०६,७९३** |
| ८,८३,०७,९५९ | २.१ व्याज खर्च | २,०८,३१९,३६३ |
| ३,१३,८७,७४१ | २.२ कर्मचारी खर्च | ३,६१,६८,४८२ |
| २,७७,५०,७१६ | २.३ कार्यालय संचालन खर्च | २,८१,६९,१३६ |
| १,०६,६२,१८९ | २.४ आयकर भुक्तानी | १,६८,४९,८१२ |
| - | २.५ अन्य खर्च | - |
| **७,१२,५८,६९९** | **कार्यगत पुँजी (Working Capital) गतिविध अघिको नगद प्रवाह** | **६,७७,०९,४८०** |
| **(१,०२,५४,८२,५८२)** | **सञ्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(बृद्धि)** | **(१,६७,९६,४२,२१०)** |
| ४,२४,९४,६२४ | १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | (१,२४,९४,६२४) |
| (११,५८,३३,०२५) | २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | (८,८३,५१,६४२) |
| (९७,६३,०६,९३२) | ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (१,५५,३९,६२,२४४) |
| २,४१,६२,७५१ | ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (२,४८,३३,७००) |
| **१,०७,८०,८४,०५१** | **सञ्चालन सम्बन्धि चालु दायित्वमा (कमी)/बृद्धि** | **१,३५,५१,०७,१७०** |
| १,३६,७६,००,२५३ | १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | १,३९,२५,९२,५४७ |
| - | २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/बृद्धि | - |
| (२९,८३,१३,७८१) | ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | १,१०,६८,७८१ |
| ८७,९७,५७९ | ४. अन्य दायित्वमा (कमी)/बृद्धि | (४,८५,५४,१५८) |
| **(३,३९,६२,९९९)** | **(ख) लगानी कारोबारमा नगद प्रबाह** | **१,२२,८५,१७७** |
| - | १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | - |
| (३,४०,५६,१७५) | २. स्थीर सम्पत्तिमा कमी/(बृद्धि) | १,२२,८५,१७७ |
| - | ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ९३,१७६ | ४. लाभांश आम्दानी | - |
| **१,७९,२००** | **(ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रबाह** | **७८,३००** |
| - | १. दीर्घकालीन ऋण (बण्ड, डिवेन्चर आदि) मा बृद्धि/(कमी) | - |
| १,७९,२०० | २. शेयर पुँजीमा बृद्धि/(कमी) | ७८,३०० |
| - | ३. अन्य दायित्वमा बृद्धि/(कमी) | - |
| - | ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पूनरकर्जामा बृद्धि/(कमी) | - |
| | **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **४२,४७८** |
| **९,००,७६,३६९** | **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **(२४,४४,१९,६०५)** |
| **३७,९४,६७,२१६** | **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **४६,९५,४३,५८५** |
| **४६,९५,४३,५८५** | **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२२,५१,२३,९८०** |

# शेयर पूँजी तथा स्वामित्व

**अनुसूची ४.१**

३२ आषाढ २०६३ (१६ जुलाई २००६)

*अङ्क रुपैयाँमा*

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| १. **शेयर पूँजी** | | |
| १.१ **अधिकृत पूँजी** | **१,००,००,००,०००** | **१,००,००,००,०००** |
| क) १,००,००,००० साधारण शेयर प्रति शेयर रु. १०० का दरले | १,००,००,००,००० | १,००,००,००,००० |
| ख) ……… ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. …… ले | – | – |
| ग) ……… रिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. …… ले | – | – |
| १.२ **जारी पूँजी** | ६१,००,००,००० | ६१,००,००,००० |
| क) ६१,००,००० साधारण शेयर प्रति शेयर रु. १०० का दरले | ६१,००,००,००० | ६१,००,००,००० |
| ख) …… ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. …… ले | – | – |
| ग) …… रिडिमेवल प्रिफिरेन्स शेयर प्रति शेयर रू. …… ले | – | – |
| १.३ **चुक्ता पूँजी** | ६०,९९,१७,३०० | ६०,९८,३९,००० |
| क) ६१,००,००० साधारण शेयर प्रति शेयर रु. १०० का दरले | ६०,९९,१७,३०० | ६०,९८,३९,००० |
| ख) …… प्रस्तावित बोनस शेयर प्रति शेयर रू. ……… ले | – | – |
| ग) …… ननरिडिमेवल प्रिफरेन्स शेयर प्रति शेयर रू. ………ले | – | – |
| घ) …… रिडिमेवल प्रिफिरेन्स शेयर प्रति शेयर रू. …… ले | – | – |
| (Calls in Arrear को लागि अनुसुची ४.३३ को नोट ९ हेर्नुहोला) | | |

# शेयर स्वामित्व

| विवरण | % | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. **स्वदेशी स्वामित्व** | १००.००% | ६०,९९,१७,३०० | ६०,९८,३९,००० |
| १.१ नेपाल सरकार | ०.००% | – | – |
| १.२ "क" बर्गका इजाजतपत्रप्राप्त संस्थाहरु | ०.००% | – | – |
| १.३ अन्य इजाजतपत्रप्राप्त संस्थाहरु | ०.००% | – | – |
| १.४ अन्य संस्थाहरु | ३७.३४% | २२,७७,६०,००० | २२,७७,६०,००० |
| १.५ सर्वसाधारण | ३५.५५% | २१,६८,१७,३०० | २१,६७,३९,००० |
| १.६ अन्य | २७.११% | १६,५३,४०,००० | १६,५३,४०,००० |
| २. **वैदेशिक स्वामित्व** | – | – | – |
| **जम्मा** | १००.००% | ६०,९९,१७,३०० | ६०,९८,३९,००० |

# ०.५% भन्दा बढी स्वामित्व भएको शेयरधनीको विवरण

| क्र.सं. | शेयर | गत वर्ष | | यस वर्ष | |
|---|---|---|---|---|---|
| | | शेयर रकम | प्रतिशत | शेयर रकम | प्रतिशत |
| १. | हिमालयन एक्जीम प्रा. लि. | ७,३५,१०० | १२.०५ | ७,३५,१०० | १२.०५ |
| २. | नागरिक लगानी कोष | ५,५०,००० | ९.०२ | ५,५०,००० | ९.०२ |
| ३. | रतन लाल संघाइ | ५,४५,१०० | ८.९४ | ५,४५,१०० | ८.९४ |
| ४. | एम टि सि इन्भेष्टमेन्ट प्रा. लि. | ४,९०,००० | ८.०३ | ४,९०,००० | ८.०३ |
| ५. | शिव भगवान इण्डष्ट्रिज प्रा. लि. | ४,४२,५०० | ७.२५ | ४,४२,५०० | ७.२५ |
| ६. | गोपी कृष्ण शिकरिया | ३,७५,००० | ६.१५ | ३,७५,००० | ६.१५ |
| ७. | नुनकरण अग्रवाल | ३,३४,१०० | ५.४८ | ३,३४,१०० | ५.४८ |
| ८. | जे. एन. टिब्रेवाला | २,९२,५८९ | ४.८० | २,९२,५८९ | ४.८० |
| ९. | पुनम खेतान | १,८५,४४० | ३.०४ | १,८५,४४० | ३.०४ |
| १०. | नेपाल मेन्था प्रोडक्टस् प्रा. लि. | १,४६,९३० | २.४१ | १,४६,९३० | २.४१ |
| ११. | नेपाल रेमिटेन्स प्रा. लि. | १,३१,७४० | २.१६ | १,३१,७४० | २.१६ |
| १२. | रुचि जाजोडिया | १,२७,४८० | २.०९ | १,२७,४८० | २.०९ |
| १३. | प्रविण नौलखा | ६५,०४० | १.०७ | ६५,७६० | १.०८ |
| १४. | मोहन गोपाल खेतान | ६०,००० | ०.९८ | ६०,००० | ०.९८ |
| १५. | म्यूचियल ट्रेडिङ्ग कं प्रा. लि. | ६०,००० | ०.९८ | ६०,००० | ०.९८ |
| १६. | सुरेन्द्र सिलवाल | ५०,८०० | ०.८३ | ६५,९१० | १.०८ |
| १७. | गौरी श्रेष्ठ | ५६,६५० | ०.९३ | ५४,५०० | ०.८९ |
सम्पूर्ण दीर्घकालीन लगानी परल मोलमा मूल्यांकित गरिएको छ र दीर्घकालीन लगानीको मूल्यमा हुने ह्रासको (यदि उक्त ह्रास स्थायी प्रकृतिको भएमा) निमित्त नोक्सानी व्यवस्था गरिएको छ । बैंकको लगानी नीति अनुसार चालु लगानीलाई परल मूल्य वा बजार मूल्य जुन कम हुन्छ त्यसैमा मूल्यांकन गरिएको छ । बैंकले पूरा अवधिसम्म राख्न सक्ने क्षमता सहित ट्रेजरी बिल र श्री ५ को सरकारको ऋणपत्रहरुमा लगानी गरेको छ । त्यस्ता सुरक्षणहरु लागत मूल्य अथवा प्रिमियम वा डिस्काउण्ट अपलेखन गरेको लागत मूल्यमा अभिलेख गरिएको छ ।

प्रिमियम र डिस्काउण्टहरु खरिद मितिदेखि अवधि पूरा भएको मिति भित्र पुजीकृत एवं अपलेखन गरिएको छ । सबै लगानीहरु नेपाल राष्ट्र बैंकको निर्देशिकाले व्यवस्था गरे अनुसार नियमित पुनरावलोकन गर्ने गरी लगानी गरिएको छ ।

**१५. स्थिर सम्पत्ति तथा ह्रास कट्टी**

(क) स्थिर सम्पत्ति ह्रास कट्टी पश्चात देखाइएको छ ।

(ख) रु. ५,०००/- भन्दा कम मूल्य पर्ने सम्पत्तिहरु खरिद गरिए कै वर्षमा खर्च जनाइएको छ ।

(ग) ह्रास कट्टी गर्दा स्थिर सम्पत्तिको अनुमानित टिकाउ अवधिलाई आधार मानी Straight Line Basis को आधारमा नाफा नोक्सान हिसाबमा लेखांकन गरिएको छ । जग्गाको ह्रास कट्टी गरिएको छैन । स्थिर सम्पत्तिको टिकाउ अवधि देहाय बमोजिम निर्धारण गरिएको छ ।

| **स्थिर सम्पत्तिको प्रकृति** | **टिकाउ अवधि** |
|---|---|
| फर्निचर | ५ वर्ष |
| उपकरणहरु | ५ वर्ष |
| सवारी साधनहरु | ५-७ वर्ष |
| कम्प्यूटरहरु | ५ वर्ष |
| निजी स्वामित्वमा रहेको भवन | ४० वर्ष |

(घ). निमार्णधीन स्थिर सम्पत्ति, स्थिर सम्पत्ति खरिदका लागि दिइएका पेश्कीहरु र आर्थिक मसान्त अघि प्रयोग नगरिएका सम्पत्तिका लागतहरुलाई पुँजीगत निमार्णमा देखाइएको छ ।

**१६. गैर बैंकिङ्ग सम्पत्ति**

गैर बैंकिङ्ग सम्पत्तिलाई कर्जा रकम (साँवा) वा वास्तविक बजार मूल्य जुन कम हुन्छ त्यसैमा मूल्यांकित गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशिका मुताविक गैर बैंकिङ्ग सम्पत्तिको लागि नोक्सानी व्यवस्था गरिएको छ ।

गत वर्षसम्म गैर बैंकिङ्ग सम्पत्तिलाई कर्जा रकम (साँवा तथा व्याज) वा वास्तविक वजार मूल्य जुन कम हुन्छ, त्यसमा मूल्याङ्कन गरिन्थ्यो ।

**१७. सफ्टवेयर खर्च**

कम्प्यूटर सफ्टवेयर लाइसेन्स लिदा लागेको खर्च र सो सफ्टवेयरको प्रयोग सुरु गरेको मितिलाई आधार मानी पुंजीकृत गरिएको छ र ती खर्चहरुलाई तिनीहरुको टिकाउ अवधिको आधारमा अपलेखन गरिएको छ ।

**१८. गुडवील (ख्याती)**

गुडवीलले पहिचान योग्य सम्पत्तिहरु प्राप्त गरेको मितिमा त्यस्ता सम्पत्तिको बुक भ्यालु भन्दा बढी लागेको लागतलाई प्रतिनिधित्व गर्दछ । यसलाई अपलेखन पछिको खुद मूल्यमा देखाइएको छ ।

**१९. अपलेखन**

नाफा नोक्सान हिसाबमा Straight Line Basis को आधारमा अदृश्य सम्पत्तिहरुको टिकाउ अवधि अनुसार खर्च लेखिएको छ । गुडवीललाई यसले मान्यता पाएको मितिबाट अपलेखन गरिएको छ भने अन्य अदृश्य सम्पत्तिहरुको प्रयोग शुरु भएपछि अपलेखन गर्न शुरु गरिएको छ । त्यस्ता सम्पत्तिको टिकाउ अवधि निम्नानुसार निर्धारण गरिएको छ ।

| | |
|---|---|
| गुडवील | ५ वर्ष |
| कम्प्यूटर सफ्टवेयर | ५ वर्ष |

लीजहोल्ड सम्पत्तिमा भएको खर्च ५ वर्ष भित्रमा वा प्रारम्भिक लीज अवधि जुन कम हुन्छ सोही अवधिमा Straight Line Basis को आधारमा अपलेखन गरिएको छ ।

**२०. कर्मचारी सुविधा**

क. सञ्चयकोष: कर्मचारी सञ्चयकोष कोषमा योगदान गरिएको समयमा नै खर्च जनाइएको छ । उक्त कोष बैंकभन्दा भिन्न संस्था हो ।

ख. संचित विदा: बैंकका कर्मचारीले संचीत विदा वापत पाउने रकम बैंकको कर्मचारी नियमावली बमोजिम पाकेको आधारमा लेखांकन गरिएको छ ।

ग. उपदान: उपदान वापतको रकम बैंकको कर्मचारी नीयमवाली अनुसार वास्तविक दायित्वको आधारमा व्यवस्था गरिएको छ र उक्त रकम बैंक भन्दा भिन्न स्वीकृत प्राप्त अवकाश कोषमा जम्मा गरिएको छ ।

**२१. स्टेशनरी मौजाद**

खरिद गरिएका स्टेशनरी लागतमा देखाइ उपयोग गरिएको समयमा खर्च जनाइएको छ । निश्चित स्टेशनरी लक्ष्मी बैंक लिमिटेडका लागि विशेष प्रयोगका छन् ।

**२२. आयकर व्यवस्था**

आयकर ऐन, २०५८ (संशोधन सहित) बमोजिम आयकर व्यवस्था गरिएको छ ।

**२३. गत वर्षका अंकहरु**

गत वर्षका अंकहरुलाई तुलना गर्न सजिलोका लागि आवश्यकता अनुसार वर्गीकरण वा पुनरवर्गीकरण गरिएको छ ।

**अनुसूचि ४.३३**

# लेखा सम्बन्धी टिप्पणीहरू

१. **ब्याज आम्दानी तथा ब्याज मूल्तवी**

वासलात मितिबाट एक महिना भित्र संकलन भएको रु. १,३८,८०,१२३/- ब्याज नेपाल राष्ट्र बैंकको निर्देशिका मुताविक चालु वर्षमा आम्दानी जनाइएको छ ।

२. **कर्मचारी बोनस व्यवस्था**

कर्मचारी बोनस व्यबस्था नाफाको १०% छुट्याइएको छ ।

३. **कर्मचारी आवास कोष**

बैंकका कर्मचारी नियमावलीले योग्य ठहर्‍याएका कर्मचारीलाई आवास कर्जा उपलब्ध गराउने व्यवस्था भएकाले श्रम ऐन, २०४८ ले व्यवस्था गरेको आवास कोषको व्यवस्था गरिएको छैन ।

४. **साधारण जगडा कोष**

नेपाल राष्ट्र बैंकको निर्देशिका मुताविक खुद नाफाको २०% रकम साधारण जगेडा कोषमा सारिएको छ ।

५. **सटही घटवढ कोष**

आर्थिक वर्षमा विदेशी मुद्राको पुनर्मूल्याङ्कनबाट भएको नाफा रु. ११,७३,०७५/- को २५% रकम नेपाल राष्ट्र बैंकको निर्देशिका मुताविक नाफा नोक्सान बाँडफाडँ हिसाबमा खर्च लेखी सटही घटबढ कोषमा सारिएको छ ।

६. **आयकर सम्बन्धि विषयहरु**

हाइसेफले दायर गरेको आ.व. ०५८/०५९ देखि ०६०/०६१ सम्मको आयकरका फिर्ताको लागि अन्तिम कर निर्धारण सम्बन्धि विषयमा आन्तरिक राजश्व कार्यालयबाट निर्णय हुन बाँकी छ ।

आर्थिक अध्यादेश २०६२ ले गरेको सुविधाको उपयोग गरि बैंकले तत्कालिन हाइसेफ फा. द्वारा दाएर गरिएको आ. व. २०५६/५७ को मुद्दा फिर्ता लिइ उक्त वर्षको कर फर्छ्यौटका लागि रु. ६,७०,६५७/- बुझाएकोमा कर कार्यालयबाट अन्तिम कर मिलान तथा फर्छ्यौटको पत्र प्राप्त हुन बाँकी छ ।

आ.व. ०५७/०५८ मा हाइसेफले स्वयम कर निर्धारण गरे भन्दा रु १६,६१,०४२.७१/- रुपैया थप कर माग गर्ने कर अधिकारीको निर्णय उपर राजश्व न्यायाधीकरणमा पुनरावेदन गरिएको छ । उक्त पुनरावेदनको निर्णय नभएसम्मका लागी उक्त रकम संभावित दात्विमा देखाइएको छ ।

बैकले स्वयं कर निर्धारण गरि आ. व. २०६१/६२ सम्मको आयकर आ. रा. का. विरगंजमा बुझाएको छ । उक्त आ. व. हरुको आ. रा. कार्यालयबाट कर निर्धारण हुन बाँकी छ ।

७. **पूँजी प्रतिबद्धता**

वासलातको मितिमा पूँजी प्रतिबद्धता शिर्षकमा देखाइएको रु ४३,२७,०००/- ललितपुर शाखाको निर्माणको लागि हो ।

८. **बैंकका आफ्नो सम्पत्ति धितो राखी बैंकले कुनै सापटी/कर्जा लिएको छैन ।**

९. **शेयर वापत प्राप्त हुन बाँकी रकम** (calls in arrear)

यस सम्बन्धमा साधारण शेयरधनी महानुभावहरुबाट प्राप्त हुन बाँकी रु. ८२,७००/- को विवरण निम्न बमोजिम रहेको छ ।

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | बाँकी रकम | जम्मा बाँकी रकम |
|---|---|---|---|---|
| तत्कालीन हाइसेफको शेयरधनी महानुभाव | १२१ | ३,२१० | रु. २० प्रति शेयर | ६४,२०० |
| लक्ष्मीबैंकका शेयरधनी महानुभाव | ३५ | १,०५० | रु. ५०० प्रति शेयरधनी | १७,५०० |
| लक्ष्मीबैंकका शेयरधनी महानुभाव | १ | ४० | रु. १००० प्रति शेयरधनी | १,००० |
| **जम्मा** | | | | ८२,७०० |

## १०. शेयर पुँजीमा लगानी

क) एभरेष्ट इन्स्योरेन्स कम्पनी

यस कम्पनी ले आ.व. ६१/६२ को २:१ को बोनस शेयर वितरण गर्ने घोषणा मिति २०६३ भदौ २० गते गरेको थियो । उक्त शेयर लाई यस वित्तिय विवरणमा लेखाङ्कन गरिएको छैन । उक्त बोनस शेयरलाई लेखाङ्कन गरिने हो भने शेयर संख्या १०,४१० कित्ता हुन्छ ।

ख) हिमालयन डिष्ट्रिलरी

यस सन्दर्भमा तत्कालीन हाइसेफले अन्डरराइट गरेवापत सर्वसाधारण शेयरधनीलाई विक्री हुन नसकेको शेयर संख्याको पहिलो माग गरेको रु ५० प्रतिशेयर भुक्तान गरेको र दोश्रो माग गरेको रु ५० प्रतिशेयर भुक्तान नगरेकोले सो कम्पनीले सम्पूर्ण शेयरलाई जफत गरेको सन्दर्भमा बैंकले मुद्दा दायर गरेको छ र सोको निर्णय हालसम्म हुन सकेको छैन ।

## ११. क) कमीशन डिस्काउन्ट आम्दानी-विविध

अनुसूची ४.२० को (ग) मा उल्लेखित रकममा विदेशी मुद्रा खरीद गरवापत आर्जन गरेको कमीशन रु. १८,०६,०१/- समावेश गरेको छ ।

**ख) अन्य संचालन खर्च विविध**

अनुसूची ४.२४ को २६ घ मा उल्लेखित रकममा विदेशी मुद्रा ने. रा.बैं. मा बुझाएवापत भुक्तान गरेको रकम रु. १६,५४,७७२/- समाबेश गरेको छ ।

## १२. हिसाब मिलानको अवस्था

| हिसाब मिलानको अवस्था | जम्मा रकम | ३ महिना सम्म | ३ देखि ९ महिना सम्म | ९ महिना भन्दा माथि |
|---|---|---|---|---|
| शाखा हिसाब मिलान | - | - | - | - |
| एजेन्सी खाताहरु | २४,५३,५४,९४३ | २४,४६,०१,७१४ | ६,६४,३७६ | ८८,८५३ |

डेविट र क्रेडिटको रकम भिन्दाभिन्दै जोडिएको छ । उक्त फरक रकम समायोजन भइसकेको / हुने क्रममा छन् ।

## १३. कर्जा तथा सापटी प्रवाह, असुली तथा साँवा व्याज अपलेखनको सारांश

*रु. हजारमा*

| विवरण | रकम |
|---|---|
| कर्जा प्रवाह | ५५,६४,९७६ |
| कर्जा असुली | ४०,०९,८९० |
| कर्जा अपलेखन | १,१२४ |
| व्याज अपलेखन | - |

## १४. निक्षेप दायित्वमा फरकको सारांश

*रु. हजारमा*

| | चालु वर्ष<br>३२/३/२०६३<br>१६/७/२००६ | गत वर्ष<br>३१/३/२०६२<br>१५/७/२००५ | फरक |
|---|---|---|---|
| कल डिपोजिट | ६,५०,४५७ | ३,३९,५५७ | ३,१०,९०० |
| चल्ती निक्षेप | ९४,६११ | ४,५२,६१३ | (३,५८,००२) |
| मुद्दती निक्षेप | २६,५८,१७९ | १७,८६,३८१ | ८,७१,७९८ |
| मार्जिन निक्षेप | ४१,०३६ | २६,५०२ | १४,५३४ |
| बचत निक्षेप | १०,००,०६९ | ४,४६,७०५ | ५,५३,३६४ |

## १५. व्याज दर अन्तरको औसत भार

| विवरण | दर % |
|---|---|
| कर्जा तथा सापटीमा औसत व्याज आम्दानी | ८.३० |
| निक्षेप तथा सापटीको औसत व्याज खर्च | ५.०५ |
| खुद अन्तर | ३.२५ |

## १६. अपलेखन हुन बाँकी खर्चको विवरण

*रु. हजारमा*

| | विवरण | रकम | अन्तिम अपलेखन मिति |
|---|---|---|---|
| १. | पूर्व सञ्चालन खर्च | ६१६ | जुन २००७ |
| २. | शेयर निष्काशन खर्च | २,०६२ | अप्रिल २००९ |
| ३. | अन्य | - | |

यी खर्चहरु ५ वर्ष भित्र अपलेखन गरिने र यी खर्चहरु पुँजीको प्रर्याप्तता गणना गर्दा (अनुसूची ४.३०) अवास्तविक सम्पत्तिमा गणना गरेको छ ।

## १७. एकाग्रताको सारांश

*रु. हजारमा*

| **विवरण** | **कर्जा तथा सापटी र बिल खरिद** | **निक्षेप दायित्व तथा सापटी** | **सम्भावित दायित्व** |
|---|---|---|---|
| २०६३/३/३२ **को जम्मा रकम** | ४२,८०,१०६ | ४४,७४,१११ | ६,३५,४४२ |
| **एकै ग्राहकमा भएको सबैभन्दा बढी एकाग्रता** | १,५०,००० | ४,०२,६३२ | ५०,६१२ |
| **एकै ग्राहकमा भएको सबैभन्दा बढी एकाग्रता प्रतिशतमा** | ३.५१ % | ९.०० % | ७.९६ % |

## १८. म्यादको आधारमा सम्पत्ति तथा दायित्वको वर्गीकरण

*रु. लाखमा*

| **सम्पत्ति** | **१-९० दिन** | **९१-१८० दिन** | **१८१-२७० दिन** | **२७१-३६५ दिन** | **१ वर्ष भन्दा माथि** | **जम्मा रकम** |
|---|---|---|---|---|---|---|
| नगद मौज्दात | ६६६ | - | - | - | - | ६६६ |
| बैंक मौज्दात | १,५८५ | - | - | - | - | १,५८५ |
| विदेशी बैंकमा लगानी | ४३३ | - | - | - | - | ४३३ |
| नेपाल सरकारको वण्ड | - | - | - | - | १७१ | १७१ |
| नेपाल सरकारको ऋणपत्र | २,१६५ | २९० | १,६१६ | - | - | ४,०७१ |
| अन्तर बैंक कर्जा | ९९० | - | - | - | - | ९९० |
| कर्जा तथा सापटी/बिल खरिद | २०,१७५ | ८,१२४ | १,९३७ | ८४५ | ११,७१९ | ४२,८०१ |
| कुल सम्पत्ति | २६,०१४ | ८,४१५ | ३,५५३ | ८४५ | ११,८९० | ५०,७१७ |
| **दायित्व** | **-** | **-** | **-** | **-** | **-** | **-** |
| सापटी | २९८ | - | - | - | - | २९८ |
| मागेको बेला दिनुपर्ने खाता | ५,९३८ | - | - | - | ५६६ | ६,५०५ |
| चल्ती निक्षेप | ७९२ | - | - | - | १५४ | ९४६ |
| बचत निक्षेप | ९,७५३ | - | - | - | २४८ | १०,००१ |
| मुद्दती निक्षेप | ४,३७३ | ७,५०७ | ३,५०३ | ३,६६८ | ७,५२५ | २६,५७६ |
| ऋणपत्रहरु | - | - | - | - | - | - |
| कुल दायित्व | २१,१५४ | ७,५०७ | ३,५०३ | ३,६६८ | ८,४९३ | ४४,३२६ |
| खुद वित्तीय सम्पत्ति | ४,८६० | ९०८ | ५० | (२,८२३) | ३,३९६ | ६,३९१ |
| खुद संचित वित्तीय सम्पत्ति | ४,८६० | ५,७६८ | ५,८१८ | २,९९५ | ६,३९१ | - |

## १९. कर्जा एकाग्रता

*रु. लाखमा*

| सि.नं. | क्षेत्र | आषाढ मसान्त २०६३ को मौज्दात | | |
|---|---|---|---|---|
| | | कर्जा संख्या | सांवा वांकी | व्याज वांकी |
| १. | कृषि | - | - | - |
| २. | उर्जा | - | - | - |
| ३. | उत्पादन | २९९ | १८,८४० | ६२ |
| ४. | निर्माण आवसीय | १८७ | ५,१७७ | २३ |
| ५. | निर्माण अन्य | ११ | ७७० | ४ |
| ६. | धातु उत्पादन मेसिनरी र विद्युतीय उपकरण तथा फिटिङ | - | - | - |
| ७. | यातायात उपकरण उत्पादन र फिटिङ | २३ | ८४७ | ३ |
| ८. | यातायात सञ्चार र सार्वजनिक सेवा | ९ | ५९८ | २ |
| ९. | होल सेलर र रिटेलर्स | २८५ | ७,२१४ | ३० |
| १०. | वित्त, विमा, र स्थीर सम्पत्ति | १०३ | २,७८१ | ११ |
| ११. | सेवा उद्योग | ६३ | ३,२१३ | १३ |
| १२. | उपभोग्य कर्जा | - | - | - |
| १३. | स्थानीय निकाय | - | - | - |
| १४. | अन्य | ३७४ | ३,३६१ | ७३ |
| १४.क | सवारी कर्जा | १७० | १,०८१ | ७ |
| १४.ख | व्यक्तिगत कर्जा | १४५ | ४४३ | १० |
| १४.ग | अन्य | ५९ | १,८३७ | ५६ |
| | जम्मा | १,३५४ | ४२,८०१ | २२१ |

## २०. गैर बैंकिङ्ग सम्पत्तिको विवरण

*रु. हजारमा*

| गत वर्ष | यस वर्षको थप | यस वर्षको विक्री | यस आ.व. अन्तको बाँकी |
|---|---|---|---|
| २७,७४,७४७ | ८,८२,५६५ | – | ३६,५७,३१२ |

## २१. लीज होल्ड सम्पत्तिको अपलेखनको विवरण

*रु. हजारमा*

| गत वर्ष सम्मको बाँकी रकम | यस वर्षको थप/घट | यस वर्षका अपलेखन | यस आ.व. को खुद बाँकी |
|---|---|---|---|
| ३६,०८,६१३ | २३,२१,३८५ | १३,३९,८५९ | ४५,९०,१३९ |

# वार्षिक प्रतिवेदन प्रकाशित गर्न स्वीकृति प्रदान गर्ने क्रममा नेपाल राष्ट्र बैंकबाट मिति २०६३/०७/०३ मा दिइएका निर्देशनहरू र सो सम्बन्धमा बैंकको प्रतिउत्तर

१. चुक्ता पूंजी र पूंजी समायोजन कोषको रकम २०६६ आषाढ मसान्त सम्ममा १ अर्ब पुर्‍याउनको लागि प्रत्येक आर्थिक वर्षको नाफाबाट कम्तिमा चुक्ता पूंजीको १० प्रतिशत रकम पूंजी समायोजन कोषमा सार्दै जानुपर्ने नेपाल राष्ट्र बैंकको निर्देशनको पालना त्यस बैंकले गरेको नपाइएको तथा त्यस बैंकको २०६३ आषाढ मसान्तको संचित नाफा रु. ५.३४ करोड चुक्ता पूंजीको १० प्रतिशत (६.१ करोड) भन्दा कम रहेकोले संचित नाफाको सम्पूर्ण रकम पूंजी समायोजन कोषमा सार्नु हुन ।

- नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सम्पूर्ण संचित नाफा रु.५.३४ करोड पूंजी समायोजन कोषमा सारी सकिएको छ ।

२. चुक्ता पूंजी र पूंजी समायोजन कोषको रकम २०६६ आषाढ मसान्त सम्ममा १ अर्ब पुर्‍याउने यस बैंकको निर्देशनको पालना त्यस बैंकले नगरेको हुंदा के कति कारणले सो रकम जम्मा नगरिएको हो सञ्चालक समितिबाट स्पष्ट जानकारीको लागि पेश गर्नु हुन ।

- बैंकको संचित मुनाफा (२०६३ आषाढ मसान्त सम्मको) चुक्ता पूंजीको दश प्रतिशत भन्दा कम रहेको हुनाले उक्त रकम पूंजी समायोजन कोषमा नसारिएको हो । यस सम्बन्धमा हालै मात्र जारी भएको निर्देशन बमोजिम परिमार्जित Capital Plan लाई सञ्चालक समितिबाट अनुमोदन गराई बैंकले मिति २०६३ आश्विन ३१ गते नै नेपाल राष्ट्र बैंकमा पेश गरिसकिएको थियो । उक्त Capital Plan अनुसार बैंकले हकप्रद शेयर/वोनश शेयर जारी गरी तथा संचित नाफाबाट पूंजी समायोजन कोषमा रकम सारी २०६६ आषाढ मसान्त सम्म १ अर्वको पूंजी पुर्‍याउने छ ।

३. लक्ष्मी बैंक लिमिटेडबाट प्रस्तुत हुन आएको नाफा नोक्सान बांडफांड बाहेकको अपरिष्कृत वित्तीय विवरण तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको आधारमा तपशिलका निर्देशनहरु दिइएकोमा बैंकबाट सो को आवश्यक समायोजन गरी अन्तिम लेखापरीक्षण प्रतिवेदन सहित पेश हुन आएको आ.व. ०६२/६३ को वित्तीय विवरण सार्वजानिक गर्ने स्वीकृति प्रदान गरिएको छ:

तपशिल

क) पुनरसंरचना गरिएका रु.८८.१७ लाखका कर्जाहरुबाट नेपाल राष्ट्र बैंकको निर्देशन विपरीत कर्जा नोक्सानी व्यवस्थामा समायोजन गरि आम्दानी जनाईएको रु.२४.४४ लाखलाई कर्जा नोक्सानी व्यवस्थामा थप गर्न ।

ख) बैंकबाट पेश भएको वित्तीय विवरणमा देखिएका केही ढांचागत त्रुटीहरुलाई सुधार गर्न ।

- उपरोक्त समायोजनहरु अपरिष्कृत वित्तीय विवरण नेपाल राष्ट्र बैंकमा स्वीकृतिका लागि पेश हुंदाका वखत नै गरीसकिएको थियो । संलग्न वित्तीय विवरणहरु उपरोक्त समायोजन पश्चातका हुन् ।

# लक्ष्मी बैंक लिमिटेडको प्रवन्धपत्र तथा नियमावली संशोधन सम्वन्धी विशेष प्रस्तावको लागि तयार गरिएको तिनमहले

**प्रवन्धपत्र तर्फः**

| सि.न. | साविकको व्यवस्था | प्रस्तावित संशोधन | शंसोधनको कारण |
|---|---|---|---|
| १) | **शीर्ष व्यहोरामा:**"बैङ्क तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ तथा कम्पनी अध्यादेश २०६२ अन्तर्गत संस्थापित" | **शीर्ष व्यहोरामा:**<br>"कम्पनी अध्यादेश २०६२ अन्तर्गत संस्थापित" | नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम |
| २) | **दफा २(१):** बैङ्कको रजिष्टर्ड कार्यालय रहने ठेगानाः यस बैङ्कको रजिष्टर्ड कार्यालय पर्सा जिल्ला विरगञ्ज उप-महानगरपालिका वडा नं. १३ आदर्शनगर, विरगञ्जमा रहनेछ । | **दफा २(१):** बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः यस बैङ्कको रजिष्टर्ड (केन्द्रीय) कार्यालय पर्सा जिल्ला विरगञ्ज उप-महानगरपालिका वडा नं. १३ आदर्शनगर, विरगञ्जमा रहनेछ । | |
| | **दफा २(२):** बैङ्कको कारोवार गर्ने स्थानः<br>यस बैङ्कको कारोवार गर्ने स्थान नेपाल अधिराज्यको विरगञ्जमा रहनेछ र नेपाल राष्ट्र बैङ्कको स्वीकृती लिई नेपाल अधिराज्य भित्रका अन्य स्थानहरुमा तथा विदेशमा समेत शाखा, उपशाखा कार्यालयहरु स्थापना गरी कारोवार सञ्चालन गर्न सकिने छ । बैङ्कको कर्पोरेट अफिस हात्तिसार, काठमाण्डौमा रहनेछ । | दफा २(२): यस बैंकको कारोवार गर्ने स्थान पर्सा जिल्ला, विरगञ्ज उपमहानगरपालिका, वडा नं. १३, आदर्शनगरमा रहनेछ र नेपाल राष्ट्र बैङ्कको स्वीकृती लिई नेपाल अधिराज्य भित्रका अन्य स्थानहरुमा तथा विदेशमा समेत शाखा, उपशाखा कार्यालयहरु स्थापना गरी कारोवार सञ्चालन गर्न सकिने छ । बैङ्कको कर्पोरेट अफिस हात्तिसार, काठमाण्डौमा रहनेछ । | |
| ३) | **दफा ३(१):** यस बैङ्कको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछः | **दफा ३(१):** नेपाल राष्ट्र बैङ्क ऐन २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (बैकिङ्ग व्यवसाय) गर्ने यस बैङ्कको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछः- | |
| | **दफा ३** को उपदफा (१) को खण्ड (क) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्वन्धी कानून, कम्पनी अध्यादेश, २०६२ तथा अन्य प्रचलित कानूनको अधीनमा रही सर्वसाधारणको आर्थिक हित एवं सुबिधा कायम राख्न कृषि, उद्योग, वाणिज्य तथा सेवाकोलागि कर्जा सुलभ गराउनु, विभिन्न प्रकारका निक्षेपहरु संकलन गर्नु तथा देश र जनतालाई आधुनिक बैकिङ्ग सेवा उपलब्ध गराउनु बैङ्कको मुख्य उद्देश्य हुनेछ । | **दफा ३** को उपदफा (१) को खण्ड (क) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्वन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही सर्वसाधारणको आर्थिक हित एवं सुबिधा कायम राख्न कृषि, उद्योग, वाणिज्य तथा सेवाकोलागि कर्जा सुलभ गराउने, विभिन्न प्रकारका निक्षेपहरु संकलन गर्ने तथा देश र जनतालाई आधुनिक बैकिङ्ग सेवा उपलब्ध गराउने । | |
| ४) | **दफा ४.** बैङ्कको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरूः यस बैङ्कले दफा ३ बमोजिमको उद्देश्य प्राप्त गर्न बैकिङ्ग कारोवारका अतिरिक्त देहायका कामहरु गर्नेछः | **दफा ४. बैङ्कको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरूः** यस बैङ्कले दफा ३ बमोजिमको उद्देश्य प्राप्त गर्न बैङ्क तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (१) बमोजिम "क" बर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रही सो अध्यादेश, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैकिङ्ग कारोवारका अतिरिक्त देहायका कामहरु गर्नेछः | |
| | **दफा ४ को उपदफा** १, २, ३, ४, ५, ६ | **दफा ४ को खण्ड** क, ख, ग, घ, ङ, च मा परिणत गर्ने । | |
| | **दफा ४ को उपदफा ६ को खण्ड (२)** राष्ट्र बैङ्कले तोकिदिए बमोजिम कर्जा दिने, | **दफा ४ को खण्ड (च) को उपखण्ड (२)** नेपाल राष्ट्र बैङ्कले तोकिदिए बमोजिम कर्जा दिने, | |
| | **खण्ड (५)** राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैकिङ्ग कारोवार गर्ने, | **उपखण्ड (५)** नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही मर्चेण्ट बैकिङ्ग कारोवार गर्ने, | |
| | **खण्ड (१०)** राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने, | **उपखण्ड (१०)** नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर वा म्याग्नेटिक टेप वा अन्य त्यस्तै प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने,भुक्तानी दिने, रकमान्तर गर्ने, | |
| | **खण्ड (११)** राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्वन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने, | **उपखण्ड (११)** नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनको अधीनमा रही क्रेडिट कार्ड, डेबिट कार्ड, चार्ज कार्ड लगायतका अन्य वित्तीय उपकरणहरु जारी गर्ने, स्वीकार गर्ने र सो सम्वन्धी कार्य गर्न एजेण्ट नियुक्त गर्ने, | |
| | **खण्ड (१४)** आफूकहां पहिले नै धितो रहि सकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य इजाजतपत्रप्राप्त संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटक पटक गरी कर्जा दिने, | **उपखण्ड (१४)** आफूकहां पहिले नै धितो रहि सकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटकपटक गरी कर्जा दिने वा अन्य बैङ्क तथा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम पुनः एकैपटक वा पटक पटक गरी कर्जा दिने, | |
| | **खण्ड (१५)** राष्ट्र बैङ्कले तोकेको शर्तमा राष्ट्र बैङ्कको एजेण्ट भई श्री ५ को सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने, | **उपखण्ड (१५)** नेपाल राष्ट्र बैङ्कले तोकेको शर्तमा नेपाल राष्ट्र बैङ्कको एजेण्ट भई नेपाल सरकारको तर्फबाट सरकारी कारोबार लगायत अन्य कारोबार गर्ने, | |

| | | | |
|---|---|---|---|
| | **खण्ड (१८)** श्री ५ को सरकार वा राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने, | **उपखण्ड (१८)** नेपाल सरकार वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ऋणपत्र खरिद बिक्री गर्ने वा सकार गर्ने, | |
| | **खण्ड (२०)** राष्ट्र बैङ्कले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने, | **उपखण्ड (२०)** नेपाल राष्ट्र बैङ्कले तोकिदिएको शर्तमा वासलात बाहिरको कारोवार गर्ने, | |
| | **खण्ड (२१)** विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पिडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा राष्ट्र बैकले तोकेबमोजिमको रकमसम्म कर्जा दिने, | **उपखण्ड (२१)** विपन्न वर्ग, न्यून आय भएका परिवार, दैवी प्रकोप पिडित तथा देशको कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामूहिक जमानीमा नेपाल राष्ट्र बैकले तोके बमोजिमको रकमसम्म कर्जा दिने, | |
| | **खण्ड (२२)** आफू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैङ्क वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिने दिने, | **उपखण्ड (२२)** आफू तथा अन्य बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी नेपाल राष्ट्र बैङ्क वा कुनै अन्य बैङ्क तथा बित्तीय संस्था बीच लिने दिने, | |
| | **खण्ड (२३)** अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने, | **उपखण्ड (२३)** अन्य कुनै बैङ्क तथा वित्तीय संस्थाबाट आफ्नो ग्राहकलाई कर्जा उपलब्ध गराउन जमानी बस्ने, | |
| | **खण्ड (२४)** राष्ट्र बैङ्कले तोकिदिएको सीमाभित्र रही शेयर डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पुंजी परिचालन गर्ने, | **उपखण्ड (२४)** नेपाल राष्ट्र बैङ्कले तोकिदिएको सीमाभित्र रही शेयर डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पुंजी परिचालन गर्ने, | |
| | **खण्ड (२५)** आवश्यकतानुसार राष्ट्र बैङ्कबाट पुनर्कर्जा लिने वा अन्य इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा लिने दिने, | **उपखण्ड (२५)** आवश्यकतानुसार नेपाल राष्ट्र बैङ्कबाट पुनर्कर्जा लिने वा अन्य बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिने दिने, | |
| | **खण्ड (३०)** समितिले वनाएको विनियमको अधिनमा रही कर्जा अपलेखन गर्ने, | **उपखण्ड (३०)** सञ्चालक समितिले वनाएको विनियमको अधिनमा रही कर्जा अपलेखन गर्ने, | |
| | **खण्ड (३२)** बैङ्कको कर्जा लगानी, धितो सुरक्षण लिलाम विक्री, भाखा नाघी शंकाश्पद वा खराव वर्गमा परिणत भएका कर्जाहरुको पुर्नसंरचना वा पुर्नमूल्यांकन, कर्जा अपलेखन वा बैंकिङ् कारोवारसंग सम्वद्ध उपयुक्त नीति निर्धारण गर्ने, आवश्यक नीति नियम र विनियमहरु निर्माण गर्ने र तिनको कार्यान्वयन गर्ने, | **उपखण्ड (३२)** बैङ्कको कर्जा लगानी, धितो सुरक्षण लिलाम विक्री, भाखा नाघी शंकाश्पद वा खराव वर्गमा परिणत भएका कर्जाहरुको पुर्नसंरचना वा पुर्नमूल्यांकन, कर्जा अपलेखन वा बैंकिङ् कारोवारसंग सम्वद्ध उपयुक्त नीति निर्धारण गर्ने, आवश्यक नीति नियम र विनियमहरु निर्माण गर्ने र प्रचलित कानून बमोजिम तिनको कार्यान्वयन गर्ने, | |
| | **खण्ड (३३)** राष्ट्र बैङ्कले तोकेका अन्य काम गर्ने । | **उपखण्ड (३३)** नेपाल राष्ट्र बैङ्कले तोकेका अन्य काम गर्ने । | |
| | **दफा ४ को उपदफा ६ को खण्ड ४०** : व्यवस्था नभएको | **दफा ४ को खण्ड (च) को उपखण्ड (४०):** सम्बन्धित निकायको स्विकृति लिई विभिन्न गैह्र बैंकिङ्ग वित्तीय सेवाहरु प्रदान गर्ने एजेन्ट भएर काम गर्ने र जीवन तथा निर्जीवन विमा ऐजेन्ट र अभिकर्ताको रुपमा समेत कार्य गर्ने । | थप आय आर्जन गर्न कार्यक्षेत्र बढाउनको लागि |
| | **दफा ४ को उपदफा ६ को खण्ड ४१** : व्यवस्था नभएको | **दफा ४ को खण्ड (च) को उपखण्ड ४१** : बैंकले व्यवसायिक कारोवार प्रवर्द्धन गर्न र आफ्नो छविलाई बढाउनको लागि न्युज लेटर, म्यागेजीन वा पत्रपत्रिका प्रकाशन गर्ने, वितरण गर्ने । | व्यापार प्रवर्द्धनको सिलसिलामा |
| ५) | **दफा ५ उपदफा (२)** बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.६१,००,००,०००।- अक्षेरुपी एकसट्ठी करोड हुनेछ । | **दफा ५ को खण्ड (ख)** बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.८०,००,००,०००।- अक्षेरुपी असी करोड हुनेछ । | पूजी बृद्धी सम्बन्धी प्रस्ताव नं.३ अनुसार |
| | **दफा ५ उपदफा (३)** बैंकले तत्काल चुक्ता पूंजी रु.६१,००,००,०००।- अक्षेरुपी एकसट्ठी करोड हुनेछ । | **दफा ५ को खण्ड (ग)** बैंकले तत्काल चुक्ता पूंजी रु.८०,००,००,०००।- अक्षेरुपी असी करोड हुनेछ । | |
| | **दफा ५ उपदफा** (१), (२), (३), (४), (५), (६), (७) र (८) | **दफा ५ खण्ड** (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) | नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार |
| | **दफा ५. उपदफा** (५) खण्ड (क), (ख) र (ग) | **दफा ५ खण्ड (ङ) उपखण्ड** (१), (२) र (३) | |
| | **दफा ५. उपदफा (७)** नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिई कम्पनी ऐन, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैङ्कले आफ्नो पुंजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | **दफा ५. खण्ड (छ)** नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिई कम्पनी कानून, प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैङ्कले आफ्नो पुंजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ । | |
| ६) | **दफा ६ उपदफा** (१), (२), | **दफा ६. खण्ड** (क) र (ख) | |

| | | | |
|---|---|---|---|
| | **दफा ६ उपदफा (३)** बैङ्कले प्रिमियममा शेयर बिक्री गर्न सक्नेछ । | **दफा ६ खण्ड** (ग) <u>हटाउने</u> । | |
| ७) | **दफा ७ उपदफा** (१), (२), (३), (४), (५), (६), (७) र (८) | **दफा ७ खण्ड** (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) | |
| | **दफा ७ उपदफा (१)**, बैङ्कको शेयर कानूनको रीत पुऱ्याई चल सम्पत्ति सरह हक छाडी दिन वा बन्धक राख्न सकिनेछ । तर बैङ्कको संस्थापकहरुले लिएको शेयर निजले बैङ्कको प्रथम साधारणसभा नभएसम्म, त्यस्तो शेयरको रकम माग भए बमोजिम पुरा चुक्ता नभएसम्म, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनले तोकेको अवधि पुरा नभएसम्म र नेपाल राष्ट्र बैङ्कको स्विकृति नलिएसम्म बिक्री गर्न सकिने छैन । | **दफा ७ खण्ड (क)**, बैङ्कको शेयर कानूनको रीत पुऱ्याई चल सम्पत्ति सरह हक छाडी दिन वा बन्धक राख्न सकिनेछ । तर बैङ्कको संस्थापकहरुले लिएको शेयर बैङ्कले <u>कारोवार सञ्चालन गरेको पांच बर्षसम्म</u>, त्यस्तो शेयरको रकम माग भए बमोजिम पुरा चुक्ता नभएसम्म, बैङ्क तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून, कम्पनी ऐन तथा अन्य प्रचलित कानूनले तोकेको अवधि पुरा नभएसम्म र नेपाल राष्ट्र बैङ्कको स्विकृति नलिएसम्म बिक्री गर्न <u>वा धितोवन्धक</u> राख्न सकिने छैन । | |
| | **दफा ७ उपदफा (२)** दफा ५ को उपदफा (५) मा बर्गीकरण गरे अनुसार समुह (क) अन्तर्गतका शेयरवालाहरुले आफुले लिएको शेयर बेचविखन गर्नु परेमा उक्त शेयर खरिद गर्न सर्व प्रथम समुह (क) अन्तर्गत लगानी गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ । उपरोक्त बमोजिम प्राथमिकता दिंदा एकभन्दा बढी व्यक्तिहरु त्यस्तो शेयर खरिद गर्न इच्छुक भएमा उक्त शेयर इच्छुक सबै व्यक्तिहरुले सकेसम्म बराबर खरिद गर्न सक्ने गरी बेच्नु पर्नेछ । उपरोक्त बमोजिम शेयर खरिद बिक्री गर्दा सञ्चालक समितिले ठहर गरेको मूल्यमा बेचविखन गर्नु पर्नेछ । तर, सञ्चालक समितिले ठहर गर्ने मूल्य नेपाल स्टक एक्सचेन्ज द्वारा अंकित वा प्रकाशित पछिल्लो मूल्यभन्दा कम हुनु हुदैन । | **दफा ७ खण्ड (ख)** दफा ५ को खण्ड <u>(ङ)</u> मा बर्गीकरण गरे अनुसार समुह (क) अन्तर्गतका शेयरवालाहरुले आफुले लिएको शेयर बेचविखन गर्नु परेमा उक्त शेयर खरिद गर्न सर्व प्रथम समुह (क) अन्तर्गत लगानी गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ । उपरोक्त बमोजिम प्राथमिकता दिंदा एकभन्दा बढी व्यक्तिहरु त्यस्तो शेयर खरिद गर्न इच्छुक भएमा उक्त शेयर इच्छुक सबै व्यक्तिहरुले सकेसम्म बरावर खरिद गर्न सक्ने गरी बेच्नु पर्नेछ । उपरोक्त बमोजिम शेयर खरिद बिक्री गर्दा सञ्चालक समितिले ठहर गरेको मूल्यमा बेचविखन गर्नु पर्नेछ । तर, सञ्चालक समितिले ठहर गर्ने मूल्य नेपाल स्टक एक्सचेन्ज द्वारा अंकित वा प्रकाशित पछिल्लो मूल्यभन्दा कम हुनु हुदैन । | |
| | **दफा ७ उपदफा (३)** दफा ५ को उपदफा (५) मा बर्गीकरण गरे अनुसार समूह (ख) मा एक मात्र शेयरधनी भएकाले सो समूह अन्तर्गतका शेयरवालाले आफूले लिएको शेयर बेचविखन गर्नु परेमा सञ्चालक समितिमा प्रस्ताव पेश गरी प्रचलित कानूनको अधिनमा रही सञ्चालक समितिले गरेको निर्णय वमोजिम मात्र बिक्री वितरण गर्न सक्नेछ । | **दफा ७ खण्ड (ग)** दफा ५ को खण्ड <u>(ङ)</u> मा बर्गीकरण गरे अनुसार समूह (ख) मा एक मात्र शेयरधनी भएकाले सो समूह अन्तर्गतका शेयरवालाले आफूले लिएको शेयर बेचविखन गर्नु परेमा सञ्चालक समितिमा प्रस्ताव पेश गरी प्रचलित कानूनको अधिनमा रही सञ्चालक समितिले गरेको निर्णय वमोजिम मात्र बिक्री वितरण गर्न सक्नेछ । | |
| ८) | **दफा ८ उपदफा** (१), (२) र (३) | **दफा ८ खण्ड** (क), (ख) र (ग) गर्ने । | |
| ९) | **दफा ९ उपदफा (१७) (ग)** उपखण्ड (ख) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रवन्धपत्र बमोजिम भए गरेको मानिनेछ । | **दफा ९ उपदफा (१७) (ग)** <u>**खण्ड (ख)**</u> अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम भए गरेका काम कारवाही यसै प्रवन्धपत्र बमोजिम भए गरेको मानिनेछ । | |
| | **दफा ९ उपदफा (१७) (घ)** उपखण्ड (ख) अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहीछाप, सो प्रबन्धपत्र मस्यौदा गर्ने कानून व्यवसायीले प्रमाणित गरेको कुरा तथा निजको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ । | **दफा ९ उपदफा (१७) (घ)** <u>खण्ड (ख)</u> अन्तर्गत खारेज गरिएको प्रबन्धपत्र बमोजिम कम्पनी संस्थापना हुंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या, सहिछाप, साक्षीहरु तथा निजहरुको सहीछाप, सो प्रबन्धपत्र मस्यौदा गर्ने कानून व्यवसायीले प्रमाणित गरेको कुरा तथा निजको सहीछाप सम्वन्धी सम्पूर्ण विवरणहरु दफा १२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ । | |
| १०) | **दफा १३.** बैङ्कका संस्थापकको उद्घोषण: यस प्रबन्धपत्रमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्वन्धी व्यहोरा लगायत अन्य सम्पुर्ण व्यहोराहरु ठीक सांचो छ । उल्लेखित व्यहोराको आधारमा बैङ्क दर्ता भए पछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मन्जुरी छ । यस दफा वमोजिम हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानुन वमोजिम हुने दण्ड सजाय समेत भोग्न मन्जूरी छ भनी हामीले यो उद्घोषण गरेका छौं । | **दफा १३.** हटाएको । | |
| ११) | प्रबन्धपत्रको विभिन्न ठाऊंमा श्री ५ को सरकार लेखिएको । | प्रबन्धपत्रको विभिन्न ठाऊंमा श्री ५ को सरकार लेखिएकोमा नेपाल सरकार बनाई संसोधन गर्ने । | प्रातिनिधि सभाको घोषणा, २०६३ बमोजिम |
| | | | |

| | नियमावली तर्फ: | | |
|---|---|---|---|
| १) | **शीर्ष व्यहोरामा** "बैङ्क तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ तथा कम्पनी अध्यादेश २०६२ अन्तर्गत संस्थापित" | **शीर्ष व्यहोरामा** "कम्पनी अध्यादेश २०६२ अन्तर्गत संस्थापित" | नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम |
| २) | **नियम १.बैङ्कको नाम:** यस बैङ्कको नाम लक्ष्मी बैंक लिमिटेड हुनेछ र यसलाई अंग्रेजीमा LAXMI BANK LIMITED भनिनेछ । जसलाई यस पछि बैंक भनिएको छ । | **नियम १. कम्पनीको नाम:** यस कम्पनीको नाम लक्ष्मी बैङ्क लिमिटेड हुनेछ र यसलाई अंग्रेजीमा LAXMI BANK LIMITED भनिनेछ । जसलाई यस पछि बैङ्क भनिएको छ । | |
| ३) | **नियम २. बैङ्कको रजिष्टर्ड कार्यालय**: यस बैङ्कको रजिष्टर्ड केन्द्रीय कार्यालय नारायणी अञ्चल पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. १३ आदर्शनगर, विरगञ्जमा रहनेछ । | **नियम २. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय:** यस बैङ्कको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नारायणी अञ्चल पर्सा जिल्ला वीरगञ्ज उपमहानगरपालिका वडा नं. १३ आदर्शनगर, विरगञ्जमा रहनेछ । | |
| | **नियम २.१** | **नियम २(क)** | |
| ४) | **नियम ४ को उपनियम (४)** उपनियम ३ बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारणसभा नबोलाएमा वा अध्यक्षले बैङ्क छाडी सम्पर्क बिहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबुबाहिरको परिस्थितिले निजले सञ्चालक समितिको बैठक तथा साधारणसभामा उपस्थित हुन नसक्ने अवस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भई कारण खुलाई साधारणसभा बस्ने निर्णय गर्न सक्नेछन । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारणसभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने सञ्चालक समिति र साधारणसभाको अध्यक्षता सम्बन्धित सञ्चालक र शेयरधनीहरुले आफु मध्येबाट छानेको व्यक्तिले गर्नेछ । | **नियम ४ को उपनियम (४)** उपनियम (३) बमोजिम अध्यक्षले सञ्चालक समितिको बैठक गराई साधारणसभा नबोलाएमा वा अध्यक्षले बैङ्क छाडी सम्पर्क बिहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबुबाहिरको परिस्थितिले निजले सञ्चालक समितिको बैठक तथा साधारणसभामा उपस्थित हुन नसक्ने अवस्था भएमा सञ्चालक समितिको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भई कारण खुलाई साधारणसभा बस्ने निर्णय गर्न सक्नेछन । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारणसभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने सञ्चालक समिति र साधारणसभाको अध्यक्षता सम्बन्धित सञ्चालकहरुले आफु मध्येबाट छानेको व्यक्तिले गर्नेछ । | |
| ५) | **नियम ५. गणपुरक संख्या:** (१) बांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ७ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारणसभाको काम कारवाही हुने छैन ।<br>तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारणसभामा कुल शेयर संख्याको ३३ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ७ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | **नियम ५. गणपुरक संख्या:** बांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारणसभाको काम कारवाही हुने छैन ।<br>तर नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारणसभामा कुल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । | |
| ६) | **नियम ६ को उपनियम (२)** सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ । | **नियम ६ को उपनियम (२)** सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानेको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ । | |
| ७) | नियम १० को उपनियम (५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले कम्पनी ऐनको दफा ९७ को उपदफा (६) बमोजिम निर्णायक मत दिन सक्ने छन् । | **नियम १० को उपनियम (५)** सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र अध्यक्षले मत बराबर भएमा मात्र निर्णायक मत दिन सक्नेछ । | |
| | **नियम १० को उपनियम (११)** सञ्चालक समितिको बैठक वर्षको कम्तीमा १२ पटक बस्नेछ । | **नियम १० को उपनियम (११)** सञ्चालक समितिको बैठक वर्षको कम्तीमा १२ पटक बस्नेछ तर दुई वटा बैठक बिचको फरक दुई महिनाभन्दा बढी हुने छैन । | |
| ८) | **नियम १२ को उपनियम (२)** बैंकका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समय भित्र देखाउनु पर्नेछ । प्रतिलिपि आवश्यक परी शेयरधनीहरुबाट माग भएमा प्रतिपृष्ठ रु.५।- को दस्तुर लिई कम्पनी सचिव वा कुनै सञ्चालकले प्रतिलिपी प्रमाणित गरी दिनु पर्नेछ । | **नियम १२ को उपनियम (२)** बैंकको साधारण सभाको निर्णयहरु कसैले हेर्न चाहेमा कार्यालय समय भित्र देखाउनु पर्नेछ । प्रतिलिपि आवश्यक परी माग भएमा प्रतिपृष्ठ रु.५।- को दस्तुर लिई कम्पनी सचिव वा कुनै सञ्चालकले प्रतिलिपी प्रमाणित गरी दिनु पर्नेछ । | |
| ९) | **नियम १६ को उपनियम (२)** निजको कार्यकाल अन्य सञ्चालक सरह ४ बर्षको हुनेछ । | **नियम १६ को उपनियम (२)** निजको कार्यकाल अन्य सञ्चालकको पदावधि भन्दा बढि नहुनेगरी बढिमा ४ बर्षको हुनेछ । | सञ्चालकहरुकोकार्यकालमा एकरुपता ल्याउन |
| १०) | **नियम २० को शीर्षक** कार्यकारी प्रमुख: | **नियम २० को शीर्षक** कार्यकारी प्रमुखको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवाको शर्त तथा काम | बैंक ता वित्तीय संस्था |

| | | | |
|---|---|---|---|
| | | कर्तव्य र अधिकार: | सम्बन्धी ऐन २०६३ को दफा २६ (४) संग एकरुपता कायम गर्न |
| | **नियम २०. को उपनियम (३)** प्रमुख कार्यकारी अधिकृतको पदावधी ४(चार) बर्षको हुनेछ । | **नियम २०. को उपनियम (३)** प्रमुख कार्यकारी अधिकृतको पदावधी <u>बढीमा</u> ४(चार) बर्षको हुनेछ । | |
| | **नियम २०. को उपनियम (६)** व्यवस्था नभएको । | **नियम २०. को उपनियम (६)** कार्यकारी प्रमुख आफ्नो कामको लागि सञ्चालक समिति प्रति उत्तरदायी हुनेछ । | |
| ११) | **नियम २५ को उपनियम (२)** शेयर बापतको रकमको भुक्तानी माग गरिएको समयमा बुझाई चुक्ता गर्नु शेयरधनीको कर्तव्य हुनेछ । यसरी किस्ता माग गर्दा प्रत्येक शेयरवालाको नाउंमा रकम बुझाउनु पर्ने स्थान र समय खोलि कम्तीमा ३० दिनको म्याद दिई लिखित सूचना पठाईनेछ, त्यस्तो सूचना प्रमुख पत्र पत्रिकामा समेत कम्तीमा दुई पटक प्रकाशित गरिनेछ । | **नियम २५ को उपनियम (२)** शेयर बापतको रकमको भुक्तानी माग गरिएको समयमा बुझाई चुक्ता गर्नु शेयरधनीको कर्तव्य हुनेछ । यसरी किस्ता माग गर्दा प्रत्येक शेयरवालाको नाउंमा रकम बुझाउनु पर्ने स्थान र समय खोलि कम्तीमा ३० दिनको म्याद दिई लिखित सूचना पठाईनेछ, त्यस्तो सूचना प्रमुख पत्र पत्रिकामा समेत कम्तीमा तीन(३) पटक प्रकाशित गरिनेछ । | कम्पनी अध्यादेशको दफा ५३ बमोजिम |
| १२) | **नियम २७. शेयर पुंजी थपघट गर्ने कुरा:** शेयर पुंजी थपघट गर्ने व्यवस्था कम्पनी ऐन तथा बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ । | **नियम २७. <u>शेयर पुंजी थपघट गर्ने कुरा</u>:** शेयर पुंजी थपघट गर्ने व्यवस्था कम्पनी कानून, बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा <u>नेपाल राष्ट्र बैङ्कबाट जारी हुने निर्देशनमा</u> उल्लेखित प्रावधान अनुरुप हुनेछ । | नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम |
| १३) | नियम २९. बिभिन्न बर्गका शेयर जारी गर्ने भए सो कुरा उल्लेख गर्ने : हाल बैङ्कले साधारण शेयर वाहेक अन्य शेयर जारी गर्ने व्यवस्था गरेको छैन । | नियम २९. हटाउने । | नियम २३ को व्यवस्थासंग दोहोरिन गई आवश्यक नभएकाले |
| १४) | नियम ३०. बिभिन्न बर्गका शेयर जारी गर्ने भए त्यस्ता शेयरधनीहरुको बिशेष अधिकार र सुविधा भए सो कुरा उल्लेख गर्ने: हाल बैङ्कले साधारण शेयर वाहेक अन्य शेयर जारी गर्ने व्यवस्था गरेको छैन । पछि साधारण शेयर वाहेक अन्य वर्गका शेयर जारी गर्ने निर्णय गरिएमा बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून एवम् कम्पनी ऐन वमोजिम त्यस्ता शेयर लिने शेयरधनीहरुको अधिकार र सुविधा सम्बन्धमा व्यवस्था गरिने छ । | नियम ३०. हटाउने । | |
| १५) | **नियम ३१. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था</u>:**<br>(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारणसभाले तोकेबमोजिम हुनेछ ।<br>(२) उपनियम (१) बमोजिम पहिलो साधारणसभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैंठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले आफै तोक्न सक्नेछ ।<br>तर एक पटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा साधारणसभा नबसेसम्मका लागि परिवर्तन गर्न सकिने छैन । | **नियम ३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**<br>(१) सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा <u>देहाय बमोजिम हुनेछ :-</u><br><u>(क) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत समितिको अध्यक्षले पाउने बैठक भत्ता रु.८०००।- हुनेछ ।</u><br><u>(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता रु.६०००।- हुनेछ</u><br><u>(ग) प्रत्येक सञ्चालकलाई मोवाइल खर्च वापत रु.२०००।( प्रति महिना सोधभर्ना दिइनेछ ।</u><br><u>(घ) माथी खण्ड (क), (ख) र (ग) मा उल्लेखित भत्ता तथा सुविधाहरु साधारण सभाले समय समयमा पारित गरी संशोधन गर्न सक्नेछ ।</u><br><u>(ङ) सञ्चालक समितिको बैठकसंग सम्बन्धित खर्चको सोधभर्ना एवं सञ्चालक समितिको बैठकमा भाग लिन आउंदा जांदा भएको वास्तविक स्थानीय भ्रमण खर्चहरुको सोधभर्ना दिइनेछ ।</u><br><u>(च) सञ्चालकले प्राप्त गर्ने अन्य सुविधा प्रचलित कानूनको अधीनमा रही साधारण सभाले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।</u><br><u>(२ सञ्चालकले यस नियममा लेखिएदेखि वाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।</u> | नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम |
| १६) | **नियम ३५. को उपनियम (२)** बैंकले डिवेञ्चर ट्रष्टि नियुक्त गर्दा कुनै बैंकलाई गर्नु पर्नेछ । | **नियम ३५. को उपनियम (२)** बैंकले डिवेञ्चर ट्रष्टि नियुक्त गर्दा कुनै बैंक, <u>वित्तीय संस्था, कम्पनी वा डिवेञ्चर ट्रष्टि सम्बन्धी काम गर्न अख्तियार प्राप्त संगठित संस्था</u>लाई गर्नु पर्नेछ । | डिवेञ्चर जारी गर्नु पर्दा डिवेन्चर ट्रष्टि नियुक्तीको दायरा फराकिलो बनाउन |
| | | | |

| | | | |
|---|---|---|---|
| १७) | **नियम ३८. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा व्यवस्था गरिएको भए त्यस्तो कुराः** | **नियम ३८. कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा व्यवस्था गरिएको भए त्यस्तो कुराः** यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन । | नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम |
| १८) | **नियम ४३. नियमावली वाभिएको हद सम्म निष्कृय हुनेः** यस नियमावलीका दफाहरु नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२, कम्पनी ऐन २०६२ र प्रचलित कानूनसंग वाभिएमा त्यस्ता दफाहरु वाभिएको हदसम्म निष्कृय हुने छन् । | **नियम ४३. नियमावली वाभिएको हद सम्म निष्कृय हुनेः** यस नियमावलीका व्यवस्थाहरु नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनसंग वाभिएमा त्यस्ता व्यवस्थाहरु वाभिएको हदसम्म निष्कृय हुनेछन् । | |
| १९) | **नियम ४४.** नियमावलीमा संशोधन भएमा लागू हुने अवश्थाः यस नियमावलीमा बैङ्कले कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी ऐनको दफा ८३ वमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयवाट अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ । | **नियम ४४.** नियमावलीमा संशोधन भएमा लागू हुने अवश्थाः यस नियमावलीमा बैंकले कुनै संशोधन गर्नु पर्ने भएमा प्रचलित कम्पनी कानून वमोजिम प्रस्ताव पारित गरी सो प्रस्ताव कार्यालयवाट अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ । | |
| २०) | **नियम ४६.** बैङ्कका संस्थापकको उद्घोषणः यस नियमावलीमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा लगायत अन्य सम्पुर्ण व्यहोराहरु ठीक सांचो छ । उल्लेखित व्यहोराको आधारमा बैङ्क दर्ता भए पछि सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मन्जुरी छ । यस दफा वमोजिम हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानुन वमोजिम हुने दण्ड सजाय समेत भोग्न मन्जूरी छ भनी हामीले यो उद्घोषण गरेका छौं । | **नियम ४६.** हटाएको । | |
| २१) | नियमावलीमको विभिन्न ठाऊंमा श्री ५ को सरकार लेखिएको । | नियमावलीको विभिन्न ठाऊंमा श्री ५ को सरकार लेखिएकोमा नेपाल सरकार बनाई संसोधन गर्ने । | प्रतिनिधि सभाको घोषणा, २०६३ बमोजिम |

# व्यवस्थापन समूह

**सुमन जोशी**
प्रमुख कार्यकारी अधिकृत

**भुवनेश्वर प्रसाद शाह**
कर्पोरेट अफेयर्स डायरेक्टर-कम्पनी सचिव

**भुवल राई**
प्रमुख - आन्तरिक लेखा परिक्षण

**अजय विक्रम शाह**
प्रमुख - उपभोक्ता वित्तीय सेवा

**सन्जिव राज जोशी**
प्रबन्धक - शाखाहरु र ग्लोबल नेटवर्क

**सुमेद भट्टराई**
वरिष्ठ सम्पर्क प्रबन्धक - कर्पोरेट बैंकिङ्ग

**निर्मल दाहाल**
प्रबन्धक - कर्जा जोखिम

**जिवन लिम्बु**
प्रमुख - सूचना तथा प्रविधि

**सुजित कुमार शाक्य**
प्रबन्धक - व्यापार बिस्तार - कर्पोरेट बैंकिङ्ग

**महेश वज्राचार्य**
प्रमुख - सञ्चालन जोखिम

**श्री मल्ल**
प्रमुख - मानव संसाधन तथा संस्थागत विकास

**भारती पाण्डे**
प्रबन्धक - व्यापार बिस्तार - उपभोक्ता वित्तिय सेवा

**सन्तोष निरौला**
प्रवन्धक - वित्त तथा कोष

**सुधिर पाण्डे**
प्रमुख - कर्जा संचालन

# शाखा प्रमुखहरू

**पियुष राज अर्याल**
शाखा प्रबन्धक - विरगञ्ज

**यूडेन कोइराला**
शाखा प्रबन्धक - हात्तिसार

**अमित सिं कार्की**
शाखा प्रबन्धक - विराटनगर

**दिपेन्द्र व. सिंह**
शाखा प्रबन्धक - पोखरा

**दिपेश अमात्य**
शाखा प्रबन्धक - ललितपुर

**निश्चल व. श्रेष्ठ**
शाखा प्रमुख - बनेपा

**मनोहर राज उप्रेती**
शाखा प्रमुख - नारायणगढ

# Setting Standards in Risk Management

We just received our mark sheet and we got an 'A'. Our IT System has been certified as 'Highly Secured'. Once again, a reflection of our serious investment in technology and risk management. This is the first time a Nepali bank has been audited for its IT credentials by an independent international body.










Laxmi Bank

Passion for Excellence

www.laxmibank.com

**कर्पोरेट/शाखा कार्यालय**
**हात्तिसार**
वडा नं. १, हात्तिसार, काठमाडौं
फोन नं. ०१–४४४४६८४/६८५
फ्याक्स ०१–४४४४६४०

**मुख्य कार्यालय/**
**शाखा कार्यालय**
**विरगञ्ज**
वडा नं. १३, आदर्शनगर विरगञ्ज, पर्सा
फोन नं. ०५१–५२६१९५, ५३०३९४
फ्याक्स ०५१–५३०३९३

**शाखा कार्यालय**
**विराटनगर**
वडा नं. ९, तुल्सी कम्प्लेक्स, मेनरोड
विराटनगर, मोरङ्ग
फोन नं. ०२१–५३८४०१, ५३८४०२
फ्याक्स ०२१–५३८४०३

**शाखा कार्यालय**
**पोखरा**
वडा नं. ९, न्यूरोड, पोखरा, कास्की
फोन नं. ०६१–५३३५८०, ५४०१५३
फ्याक्स ०६१–५२५५१४

**शाखा कार्यालय**
**ललितपुर**
ललितपुर विशालवजार, पुल्चोक,
ललितपुर
फोन नं. ०१–५००९५०१/५०२
फ्याक्स ०१–५००९५०५

**शाखा कार्यालय**
**बनेपा**
वडा नं. ५, अरनिको राजमार्ग
पश्चिम, बनेपा, काभ्रेपलाञ्चोक
फोन नं. ०११–६६३४२५, ६६३४२६
फ्याक्स ०११–६६३४२७

**शाखा कार्यालय**
**नारायणगढ**
वडा नं. ६, चितवन, नारायणगढ
फोन नं. ०५६–५२५७२६
फ्याक्स ०५६–५२३६२६



w w w . l a x m i b a n k . c o m